जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो।**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १०३ • २०७९ साल भाद्र १५ गते बुधबार (31 August, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## चट्याङ् लागेर तीनको मृत्यु, दजनौ घाइते



**टुडे समाचारदाता**

गरुडा। रौतहटको एउटै गाउँमा चट्याङ् लागेर तीन जना महिलाको मृत्यु भएको छ।

मंगलवार विहान ७ बजेको समयमा वर्षासँगै परेको चट्याङ्ले गरुडा नगरपालिका-३ मलाही टोलकी ४९ वर्षीया सुदनीया देवी सहनी, १७ वर्षीया जगिया कुमारी सहनी र १८ वर्षीया मनिषा कुमारी सहनीको ज्यान गएको प्रहरीले जनाएको छ।

मृतक तीनै जना सहित १६ जना महिला सामुहिक रुपमा मलाहीकै एकजनाको धान खेतमा काम गरिरहेको अवस्थामा वर्षासँगै एक्कासी चट्याङ् खसेको थियो।

चट्याङ्का कारण खेतमा काम गरिरहेको १६ जनामध्ये सुदनीया, जगिया र मनिषाको गरुडा स्थित गरुडा सिटी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

मृत्क मध्ये सुदनीया देवी र जगिया कुमारी दुवै जना आमाछोरी रहेको इलाका प्रहरी कार्यालय गरुडा प्रमुख एवं प्रहरी नायव उपरीक्षक (डएसपी) बरुण बहादुर सिंहले जानकारी दिए। चट्याङ् लागेर उनीहरुसँगै खेतमा काम गरिरहेकी सोही ठाउँका ४० वर्षीया सहेली देवी सहित १३ जना सामान्य घाइते भएकी छन्।

घाइते महिलाहरुको गरुडा सिटी हस्पिटलमा उपचार भइरहेको डिएसपी सिंहले बताए। यसैविच गरुडा नगरपालिकाका मेयर कन्थमणी प्रसाद जयसवालले घटनास्थल पुगेर चट्याङ्बाट ज्यान गुमाएका व्यक्तिको परिवारलाई सहयोगर्ने प्रतिवद्धता जनाएका छन्।

मेयर जयसवालले मृत्क तीनै जनाको परिवारलाई तत्कालको लागि नगरपालिकाको तर्फबाट किरिया खर्च वापत २५ हजार रुपैया उपलब्ध गराउने घोष्णा गरेका छन्। दैवी प्रकोपका कारण ज्यान गुमाउने तीनै जनाको परिवारलाई तत्काल २५/२५ हजार रुपैया सहयोग गर्ने र घाइतेहरुको उपचार खर्च पनि नगरपालिकाले नै व्यवहोर्ने मेयर जयसवालले प्रतिबद्धता जनाएका हुन। चट्याङ लागेर एउटै गाउँको एकैपटक तीन जनाको मृत्यु भएपछि सिंगो मलाहीटोल गाउँ नै शोकमा डुबेको छ।

# सहमतिवाट टाढिदै गठबन्धन, सिट बाँडफाँटमा सकस

**टुडे समाचारदाता**

काठमाण्डु। चुनावी तालमेल गर्ने सहमति गरेका सत्ता गठबन्धन दलले सिट बाँडफाँटबारे सहमति जुटाउन सकेका छैनन्। सिट बाँडफाँटको छलफल थालेको एक महिना बित्न लागे पनि तालमेल गर्दा कुन दलले कति हिस्सा लिने भन्ने विषय अझै टुंगिएको छैन। दलहरूबीच सिट बाँडफाँटको विषय झन्-झन् पेचिलो बन्दै गएको छ।

गठबन्धनमा रहेका दल सकेसम्म बढी हिस्सा लिन एक-अर्कामा बार्गेनिङमा उत्रिएका छन्। गठबन्धनको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा हदैसम्म लचक भएरै भए पनि चुनावी तालमेलको पक्षमा छन्। अन्य दलहरू भने गठबन्धनमा ठूलो भाग नपाए फरक गठबन्धनको सम्भावनासमेत नटरेको भन्दै धम्क्याइरहेका छन्।

अहिले दलहरूबीच आन्तरिक गृहकार्य भइरहेको छ। सिट बाँडफाँटको अन्तिम गृहकार्य भनेर बुधबार चार बजेका लागि गठबन्धनको बैठक राखिएको छ। 'कार्यदलले प्रतिनिधिसभा र प्रदेशसभा क्षेत्रमा देशभर कहाँ कस्तो अवस्था छ भन्ने सरसर्ती अध्ययन गरेको छ,' कार्यदलका एक सदस्यले भने, 'कार्यदलले दलहरूको प्रारम्भिक दाबीसमेत भइसकेको छ। अहिले सबै दल आन्तरिक छलफलमा छौं, बुधबार बेलुकाको गठबन्धन बैठकमा अन्तिम 'मुख फोर्ने' भन्ने छ।'

गठबन्धनमा अन्तिम मुख फोर्ने तयारी चलिरहेका बेला सिट बाँडफाँट कार्यदलका संयोजक कृष्णप्रसाद सिटौला भने कोरोना संक्रमण भएर थलिएका छन्। सिटौला थलिएपछि प्रधानमन्त्री देउवाले दलहरूबीच सहमतिको वातावरण बनाउन अर्का नेता रामचन्द्र पौडेललाई खटाएका छन्।

नेता पौडेलले गठबन्धन दलका नेताहरूलाई घर-घरै पुगेर सिट बाँडफाँटका विषयमा सहमति जुटाउन फकाउने प्रयास गरेका छन्। मंगलबार मात्रै पौडेलले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई निवासमै पुगेर भेटेका थिए। पौडेलले त्यही विषयमा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई समेत भेटेका छन्।

नेपाल र यादवसँग छुट्टाछुट्टै भेटवार्ता गरेका नेता पौडेलले अहिले नै सहमति हुने बातावरण भने नबनेको बताए। 'मैले गठबन्धन दलका नेताहरूसँग भेटैं। कुराकानी भएको छ। तर, उहाँहरूले आ-आफ्नो दाबी छोड्नुभएको छैन,' पौडेलले भने, 'सहमति गरेर, तालमेल गरेर चुनावमा जानुको विकल्प छैन भन्नेमा उहाँहरू पनि एकमत हुनुहुन्छ। तर, सिटको विषयमा सहमति भएको छैन। बुधबारसम्म एउटा निष्कर्षमा पुग्छौं।'

कांग्रेस सभापति एवम् प्रधानमन्त्री देउवाको लचकतालाई आधार बनाएर सिट बाँडफाँटमा धेरै भाग लिने अन्य दलका नेताहरूको प्रयास छ। तर, देउवाले आफ्नै पार्टीभित्रका नेताहरूलाई भने रिझाउन सक्ने अवस्था छैन। कांग्रेस नेता शेखर कोइराला समूहले सिट बाँडफाँटमा पार्टीले १०० सिटको दाबी छोड्न नहुने अडान लिँदै आएको छ।

> **गठबन्धनमा सिट बाँडफाँटकै लागि दर्जनौं पटक बैठक र छलफल गरेपनि सहमति नजुटेपछि नेताहरू कोही अर्को पार्टीका नेता फकाउन घरदैलो गरिरहेका छन् भने कोही गठबन्धनमा ठूलो भाग नपाए अन्य दलसँग मिलेर गठबन्धन गर्ने धम्की दिन थालेका छन्।**

कार्यदलमा सदस्यसमेत रहेका महामन्त्री गगन थापाले कांग्रेसले १०० सिट नपाएर हुने गठबन्धनले अन्य दललाई पनि फाइदा नपुग्ने बताउँदै आएका छन्। गठबन्धनका अन्य दलहरू नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले भने मोर्चाबन्दी गरेर कांग्रेससँग बराबरी हिस्सा मागेका छन्।

प्रतिनिधिसभा सदस्यका लागि देशभर १६५ निर्वाचन क्षेत्र छन्। तर, गठबन्धनमा ठूलो दल कांग्रेसले १०० सिट दाबी गर्दा अन्य दलले १२७ सिटमा दाबी प्रस्तुत गरेका छन्। जसमा माओवादी केन्दको ६०, एकीकृत समाजवादीको ४०, जसपाको २५ र जनमोर्चाको दुई सिटमा दाबी छ।

सिट बाँडफाँट मिलाउन गठबन्धनले साउन २० मा पाँच दलका नेता सम्मिलित कार्यदल गठन गरेको थियो। कार्यदलले यसबीचमा प्रधानमन्त्रीको सरकारी निवासमै सरकारी स्रोत साधन उपयोग गरेर दर्जनौं पटक बैठक गरेको छ। तर, कार्यदलले नतिजा दिन सकेको छैन। दलहरूले आ-आफ्नो दाबी छोडेका छैनन्।

गठबन्धनमा सिट बाँडफाँटकै लागि दर्जनौं पटक बैठक र छलफल गरेपनि सहमति नजुटेपछि नेताहरू कोही अर्को पार्टीका नेता फकाउन घरदैलो गरिरहेका छन् भने कोही गठबन्धनमा ठूलो भाग नपाए अन्य दलसँग मिलेर गठबन्धन गर्ने धम्की दिन थालेका छन्।

विराटनगरमा शनिबार कांग्रेसले गरेको एक सभामा नेता शेखर कोइरालाले कांग्रेसले १०० सिट नपाए गठबन्धन गर्नुको औचित्य नहुने बताएका थिए। 'अहिले देशको प्रतिकूल अवस्था रहेकाले गठबन्धनलाई स्वीकारेर निर्वाचनमा जानु परेको हो। तर, कांग्रेस कमजोर छैन। एक्लै पनि निर्वाचनमा जान सक्षम छ,' कोइरालाले भनेका थिए, 'गठबन्धन गर्नु बाध्यता हो। तर, अन्य दलले दाबी गर्दैमा सिट छोड्ने कुरा हुँदैन। कांग्रेसले १०० सिट नलिएको गठबन्धनको अर्थ छैन।'

त्यसलगत्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गठबन्धनमा आफ्नो पार्टी ६० सिटको दाबीबाट पछि नहट्ने बताए। 'प्रतिनिधिसभामा हाम्रो पार्टीको दाबी ६० सिट हुन्छ, त्योभन्दा घट्न सकिदैन, त्यस्तै प्रदेशसभामा १२० सिटमा दाबी रहन्छ,' दाहालले भनेका छन्। दाहालले सिटमा दाबीमात्रै दिएका छैनन्, कांग्रेसले त्यति सिट नदिए अर्को गठबन्धन बन्ने चुनौती पनि दिएका छन्।

'सकेसम्म अहिलेको गठबन्धन निरन्तर हुन्छ। यदि कांग्रेसले मानेन, गठबन्धनमा शक्तिको सही पहिचान गर्न मन गरेन भने हामी बाम गठबन्धनलाई अगाडि बढाएर राम्रै परिणाम ल्याउन सक्छौं,' दाहालले आइतबार पार्टीको बागमती प्रदेश कमिटीका पदाधिकारीहरूसँग भनेका थिए।

साउन १८ मा गठबन्धन दलबीच आगामी प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनमा चुनावी तालमेल गर्ने सहमति हुँदा नेताहरूले साउन मसान्तभित्र सिट बाँडफाँटको खाका बनाउन कार्यदललाई जिम्मेवारी दिएका थिए, भदौ पहिलो साता त्यसबारे टुंगोमा पुग्ने तयारी थियो। तर, भदौको दोस्रो साता बितिसक्दा पनि सिट बाँडफाँटको प्रस्ट खाका आइसकेको छैन।

०७४ को निर्वाचनमा बाम गठबन्धन हुँदा माओवादी केन्द्रले ३६ सिट जितेको थियो भने कांग्रेस २३ सिटमा खुम्चिएको थियो। नेकपा एमालेबाट विभाजित भएको नेकपा एकीकृत समाजवादीमा हाल १२ सांसद् छन्। त्यस्तै, जनता समाजवादीमा ११ र राष्ट्रिय जनमोर्चामा १ सांसद् छन्। गठबन्धनमा कांग्रेसबाहेक दलले ०७४ मा जितेका क्षेत्र सम्बन्धित दलले लिनुपर्ने दाबी छ भने कांग्रेसले भने पार्टी संगठन र ०७९ को स्थानीय निर्वाचनको परिणामका आधारमा सिट बाँडफाँट हुनुपर्ने माग गर्दै आएको छ।

नेता पौडेलले अब सिट बाँडफाँटको टुंगो लाग्दा कुन क्षेत्र कुन दलले लिने भन्नेसमेत टुंगो लाग्न सक्ने बताए। 'हामीले कुन दलले कति सिट लिनेभन्ने मात्रै होइन, कुन दलले कुन-कुन क्षेत्रमा उम्मेदवारी दिने भन्नेसमेत छलफल गरिरहेका छौं, सिट संख्या र निर्वाचन क्षेत्रसमेत एकैपटक टुंगो लाग्न सक्छ,' उनले भने।

## निर्वाचनमा नेपाल प्रहरीलाई झण्डै आठ अर्ब बजेट, म्यादीले मात्रै पाउँदैछन् पाँच अर्ब ८६ करोड ३९ लाख

**टुडे समाचारदाता**

काठमाण्डु। आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक प्रणालीतर्फको निर्वाचनका लागि नेपाल प्रहरीलाई सात अर्ब ९९ करोड ४९ लाख दुई सय बजेट प्राप्त भएको छ। नेपाल प्रहरीका लागि एक अर्ब २३ करोड ५० लाख ९९ हजार २०० तथा म्यादी प्रहरीका लागि पाँच अर्ब, ८६ करोड, ३९ लाख ५० हजार बजेट छुट्याइएको हो। उक्त बजेट अर्थ मन्त्रालयबाट स्वीकृत भएर आएको प्रहरी प्रधान कार्यालय, प्रबन्ध निर्देशनालयका प्रहरी नायब महानिरीक्षक दीपक थापाले जानकारी दिए।

उक्त निर्वाचनका लागि ७१ हजार छ सय ९३ प्रहरी कर्मचारी र एक लाख १५ हजार म्यादी प्रहरी परिचालन गरिने भएको छ। यसपटक स्थानीय तहको निर्वाचनमा भन्दा २५ हजार बढी नेपाल प्रहरी तथा म्यादी प्रहरी थप गरिने भएको हो। जसमा १५ हजार म्यादी प्रहरी थपिने छन्।

निर्वाचनका समयमा प्रहरी कर्मचारीतर्फ जिल्लाभित्र खटिने प्रहरीले सात दिनका लागि र बाहिर जिल्लामा खटिने प्रहरीले १३ दिनका लागि दैनिक भ्रमण भत्ता पाउनेछन्। उक्त भत्ता सिपहीका हकमा प्रतिव्यक्ति प्रतिदिन एक हजार दुई सय हुनेछ। अन्य तहअनुसार भत्ता उपलब्ध हुने जनाइएको छ। उनीहरूले निर्वाचनको मुख्य चार दिन प्रतिदिन तीन सयका दरले खाजा खर्च पनि प्राप्त गर्नेछन्।

नेपाल प्रहरीले निर्वाचन प्रयोजनार्थ कुल एक सय ८० वटा गाडी (सवार ीसाधन) खरिद गर्ने भएको छ। प्रहरीले निर्वाचनका लागि कुल एक हजार चार सय ९४ सवारीसाधन माग गरेको थियो। अर्थ मन्त्रालयबाट गाडी खरिदका लागि ७५ करोड बजेट स्वीकृत भएसँगै प्रहरीले गाडी खरिदको तयारी थालेको छ। प्रहरीले बढीमा ५० लाखसम्मका गाडी खरिद गर्न पाउनेछ। सोही आधारमा एक सय ८० वटा गाडी खरिद गर्न लागिएको डिआइजी थापाले जानकारी दिए।

निर्वाचनमा कुल दुई हजार सात सय ९५ वटा गाडी परिचालन गर्ने योजना प्रहरी प्रधान कार्यालयको छ। निर्वाचनको १२ दिनका लागि एक हजार ५० गाडी भाडामा लिन स्वीकृत प्राप्त भएको छ। भाडाका लागि प्रतिदिन १० हजार रकम छुट्याइएको छ। बाँकी अपुग गाडी मर्मत गरेर चलाइनेछ। सबै निर्वाचन सुरक्षा योजनाअनुसार परिचालन हुने भएकाले थपघट हुनसक्ने थापाले जानकारी दिए। यसपालि प्रहरीले १० हजार लठ्ठी खरिद गर्दैछ। प्रतिलठ्ठी दुई सयका दरले खरिद गर्ने जनाइएको छ।

प्रहरीले सात सय बढी सञ्चार सेट तथा आवश्यक हातहतियारको माग गरे पनि उपलब्ध नहुने भएपछि हतियार बहालगिरीमा प्रयोग गर्ने भएको छ। हाल चालु रहेका सेटसहित अपुग भएमा मोबाइलबाटै सञ्चार सेटको काम गरिने छ।

### म्यादी प्रहरीको तलब झण्डै ५० हजार

सरकारले आगामी मंसिर ४ गते हुने सङ्घ तथा प्रदेश निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्नाका लागि स्वीकृति दिएको छ। यसअघि स्थानीय तह निर्वाचनमा एक लाख म्यादी प्रहरी भर्ना गरिएको थियो।

उनीहरूका लागि कुल पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार रकम विनियोजन भएको छ। कुल ४० दिनका लागि तलब, राशन, पोशाकलगायत सबै भत्तासहित जोडेर झण्डै ५० हजार हाराहारी तलब प्राप्त गरिनेछ। यसपालि दुर्गममा खटिनेका लागि केही सेवा सुविधा थप गरिएको छ।

म्यादी प्रहरीले प्रहरी जवानसरहको सुविधा प्राप्त गर्नेछन्। सबै हिसाब गर्दा उनीहरूले ४० दिनका लागि कम्तीमा ४९ हजार दुई सय ६० तलब प्राप्त गर्नेछन्। हिमाली तथा दुर्गममा खटिनेहरूका लागि भने ५० हजार नाघ्ने छ।

म्यादी प्रहरीले तलब मात्रै ३४ हजार सात सय ६० प्राप्त गर्नेछन्। त्यसका अलावा रासनवापत सात हजार २०० पाउने छन्। तर दुर्गममा खटिनेका लागि त्यहाँको रासन बराबरकै प्राप्त गर्र्ने हुँदा केही थपिने छ। पोशाकका लागि छ हजार रुपैयाँ पाउने छन्। यसमा पनि हिमाली जिल्लामा खटिनेले (ज्याकेट खरिद) मा एक हजार थप पाउनेछन्। हिमाली जिल्लामा १५ हजार म्यादी प्रहरी खटिनेछ।

यस्तै आवतजावत भाडा खर्च एक हजार दिइनेछ। खाजा खर्च चार दिनको प्रतिदिन तीन सयका दरले पाउनेछन्। यो खर्च भने सबै प्रहरीले पाउनेछन्। म्यादी प्रहरीका लागि मापदण्ड तय हुँदैछ। आगामी असोजमा म्यादी प्रहरी भर्ना प्रक्रिया सुरु हुने केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए।

मतदानस्थल, मतदान केन्द्र र मतदातासमेत थपिने भएकाले यो पटक म्यादी प्रहरीसहित झण्डै २५ हजार प्रहरी कर्मचारी थप परिचालन गर्न लागिएको छ। नेपाल प्रहरीतर्फ १० हजार र म्यादीतर्फ १५ हजार बढाउन लागिएको हो। समानुपातिक निर्वाचनसमेत हुने भएको र कारागारका कैदीबन्दीले समेत मताधिकार प्रयोग गर्न पाउने भएपछि म्यादी प्रहरीसँगै अन्य प्रहरी कर्मचारीसमेत थप गरिएको हो। यसपालि झण्डै पाँच लाख मतदाता थपिने अनुमान गरिएको छ।

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तथा प्रदेशसभा निर्वाचनमा पनि प्रत्यक्ष र समानुपातिक निर्वाचन हुने भएकाले पनि एक ठाउँमा मत खसालिसकेपछि पुनः अर्को ठाउँमा मत खसाल्नुपर्ने हुन्छ। त्यसैले सुरक्षाकर्मी बढाउनुपर्ने आवश्यकता रहेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक राईले जानकारी दिनुभयो। यसअघि भर्ना भएका म्यादी प्रहरी, पूर्वसुरक्षाकर्मीलाई नै यसपटक पनि प्राथमिकता दिने पनि उहाँले जानकारी दिनुभयो।

## आयात प्रतिबन्ध असोज २८ सम्म

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले विभिन्न ४ प्रकाका वस्तुको आयात प्रतिबन्ध असोज २८ गतेसम्म लम्ब्याएको छ। राजपत्रमा सूचना प्रकाशन गर्दै सरकारले ४ प्रकारका वस्तुको आयात लम्ब्याएको हो। यसअघि विभिन्न १० प्रकारका वस्तुमा आयात प्रतिबन्ध गरिएकोमा अब भने ६ प्रकारका वस्तुको आयात खुलाइएको छ।

अब जीप, कार भ्यान लगायत सवारीसाधन, १५० सीसीभन्दा माथिका मोटरसाइकल, ३ सय अमेरिकी डलरभन्दा माथिका स्मार्टफोनहरु र तयारी मदिराको आयात असोज २८ प्रतिबन्ध हुनेछ। यसअघि प्रतिबन्ध लगाइएका कुरकुरे, कुरमुरे, लेजजस्ता वस्तुहरु, हिरा, रंगिन टीभी, खेलौना, तासजस्ता वस्तुको आयात भने खुलाइएको छ। सरकारले विदेशी मुद्राको सञ्चिति घट्दै गएपछि चार महिनाअघि १० वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो।



कलाकारको तीज

# अरूलाई नचाउँदै, आफू पनि मनाउँदै

काठमाण्डु । अभिनेत्री अनु शाहलाई मनपर्ने चाडमध्ये तीज पनि एक हो । “यो चाड विशेषत महिला दिदीबहिनीका लागि भएर पनि होला मलाई एकदमै मन पर्छ । मलाई तीज भन्नेबित्तिकै राति उठेर खाने दर र रातो पहिरनको निकै याद आउँछ”, उहाँ भन्नुहुन्छ । अभिनेत्री शाहले प्राय परिवारसँगै घरमै बसेर अघिल्लो दिन दर खाने, भोलिपल्ट स्नान गरी व्रत बस्ने र नाचगान गरेर तीज बनाउँदै आउनुभएको छ ।

हाल क्यानडामा रहनुभकी नायिका एलिजा गौतमलाई तीजका कुरा गर्दा सानो बेलाका यादहरू आउने गर्छ । यसपटक माइतीको हजुरआमा बितेकाले उहाँले तीज मनाउनुभएको छैन तर उहाँलाई तीजका यादहरू मनभरि आइरहेका छन् ।

नायिका गौतम भन्नुहुन्छ, “तीज हामी नेपाली महिला दिदी-बहिनीको महान् चाड हो । पहिले-पहिले आमा हजुरआमाले मनाउँदाजस्तै रमाइलो अहिले पनि हुने गरेको छ, बिहे गरेका छोरी चेलीबेटी भेला भएर तीजको अघिल्लो दिन दर खाएर भोलिपल्ट व्रत बस्दा छुट्टै रमाइलो हुन्छ ।”

आफू जता भए पनि तीजमा चाहिँ सबै जनासँगै जम्मा भएर दुःखसुख साटासाट र नाचगान गर्ने चलन पहिलेदेखि चल्दै आएको छ, चाडपर्वमध्ये तीजलाई मैले महान् चाडको रूपमा लिने गरेको छु”, उहाँ जोड दिनुहुन्छ, “तीजका बेलामा आलु र करेलाको पक्कु मेरो ममीले एकदमै मीठो बनाउनुहुन्छ, ढकनी, काँक्रोको अचार (खल्पी), ठेकीमा हालेको दही, काँक्रो, फर्सीको मुन्टा आदि सानैदेखि खाँदै हुर्केको भएर पनि होला तीज भन्नेबित्तिकै पुरानै याद आउँछ ।” यसपटकको तीजमा गौतमको काला चश्मा नृत्य निकै लोकप्रिय पनि भएको छ । रासस

# दुध उत्पादन र बिक्रि बितरण हुने थलोमा अनुगमन

**टुडे समाचारदाता**

राजविराज । तीज पर्व र चौठचन्द पर्व एकै दिन परि बजारमा पर्याप्त दुधको अभाव तथा मनपरी मुल्य देखिएपछि मंगलबार संयुक्त बजार अनुगमन टोलीले दुध उत्पादन र बिक्रि बितरण गर्ने डेरी उद्योग तथा बजारका केही दुध पसलमा अनुगमन गरेको छ ।



स्थानियको जनगुनासो आएपछि दुध बिक्रि बितरण र उत्पादन स्थलमा पुगेर टोलीले अनुगमन गरेको हो । अनुमगनका क्रममा यहाँ संचालित डेरी उद्योगहरुमा निर्धारण गरिएको मुल्य सही पाइएपनि स्थानिय हाट बजारमा मनपरि मुल्य कायम गरेको देखिएको र त्यस्तालाई सचेत गराइएको खाद प्रविधि तथा गुण नियन्त्रण डिभिजन राजविराजका प्रमुख सुरेश सिंहले बताए ।

संयुक्त अनुमगन टोलीमा जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत राजु शर्मा, घरेलु तथा साना उद्योग कार्यालयका लेखापाल नेत्रबहादुर बास्तोला, न्यायिक नागरिक उपभोक्ता मञ्चका अध्यक्ष रामकुमार यादवका साथै प्रहरी र पत्रकार समेत सहभागि छन् ।

चाडपर्व नजिकिएकाले अनुगमनलाई तिब्रता प्रदान गरिएको गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख सिंहले बताए । अनुगमनका क्रममा डेरी उद्योगहरुमा दुधको शुद्धता र मुल्य सही देखिएपनि कामदारले एप्रोन, मास्क, क्यापलगायतका सुरक्षा सामाग्रि प्रयोग नगरेको पाइएकाले सचेत गराइएको उनको भनाई छ ।

पछिल्लो समय बजार अनुगमनलाई तिब्र पारिएको छ । सरसफाई, खादबस्तुको बिक्रि बितरण, गुणस्तर र म्याद भए/नभएको बारे अनुगमन गरिने र फेला परेका अखाद्य बस्तु तत्कालै नष्ट गरि जरिवाना समेत गर्न थालिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजले जनाएको छ ।

# कालाबाजारी गर्ने विरुद्ध कडा हुँदै प्रहरी



**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका वड़ा नम्बर १ मा चामलको पसल सञ्चालन गरेका एक भारतीय व्यापारीलाइ कमसल चावलको कालाबाजारी गरिरहेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

नेपाल मई उत्पादन भएको धानको चामल भारतीय कम्पनीको बोरामा हालेर विक्री वितरण गर्दै आएका भारत विहार राज्य बैरगनिया निवासी ४४ वर्षीय राजेन्द्र प्रसाद गुप्तालाई प्रहरीले पक्राउ गरेर पसल सील गरेको हो ।

पसल संचालक गुप्ताले भारतबाट खाली बोरा ल्याई त्यसमा लोकल चामल हालेर महंगो मूल्यमा विक्री वितरण गर्न लागेको सूचनाको आधारमा गएका प्रहरीको टोलीले छापामारी गरी भण्डारण गरी राखेका चामल बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

छापामारीको क्रममा चामल ५० बोरा खुल्ला , १९२ बोरा प्याकिंग , र १२० वटा चामलको खाली बोरा तथा बोरा सिउने मशीन समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक सुनील मल्लले जानकारी दिएका छन ।

चमलको कालाबाजारी गर्ने आरोपमा पक्राउ परेका गुप्ता माथि कालो बाजार शीर्षक मुद्दा मा जिल्ला प्रशासन कार्यालय रौतहटबाट म्याद थप गराई अनुसन्धानको कार्य अगाडी बढ़ाइएको प्रहरीले जनाएको छ ।

# यसकारणले बढे डेँगुका बिरामी, अस्पताल भरिँदै

काठमाण्डु । उपत्यकामा डेङ्गु ज्वरोका बिरामी दैनिक बढेको पाइएको छ । नेपालमा अहिले मुख्य काठमाडौं, ललितपुर र रुपन्देही जिल्लामा सबभन्दा बढी डेँगुका बिरामी पाइएको छ । ती जिल्लाका अस्पतालमा डेँगुको उपचारका लागि बिरामीको चाप पनि बढेको छ ।

विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुनेमौसममा सफा र जमेको पानीमा बस्न ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेको टोकाइबाट डेङ्गुको रोग लाग्ने गर्दछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सन्जयकुमार ठाकुरले साउनदेखि केही शहरमा डेँगुका बिरामी बढेको बताउनुहुन्छ । उहाँका अनुसार ललितपुर, काठमाडौं र रुपन्देहीमा डेँगुका बिरामी बढी रहेको छन् । ललितपुरमा एक हजार ५६, रुपन्देहीमा ३७७ र काठमाडौंमा ३३२ जना डेँगुका बिरामी भेटिएका छन् ।

अव्यवस्थित शहरीकरण पनि डेँगुका बिरामी बढेको उहाँ बताउनुहुन्छ । ‘अव्यवस्थित शहरले गर्दा घरवरपर खाल्डाखुल्डी तथा पानी जम्ने ठाउँ रहेका हुन्छन’ उहाँले भन्नुभयो, ‘ती ठाउँबाट नै डेँगु रोग सार्ने जातको लामखुट्टेको विकास हुने गर्दछ ।’ पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएपछि टोकेर डेँगु रोग लाग्दछ ।

उहाँले पानी टङ्की, गाडीको डायर, गमला घर नजिकको खाल्डाखुल्डीमा पानी जम्न दिन नहुने बताउनुभयो । एसिबाट निस्केको पानी जमेपछि त्यही जमेको पानीमा लाखुट्टेले फुल पार्ने गरेको छ । मन्त्रालयका प्रवक्ता डा ठाकुरले डेँगु रोगको रोकथाम तथा नियन्त्रण सरकारले भन्दा पनि व्यक्तिगतरुपमा लाग्नुपर्ने बताउनुहुन्छ ।

व्यक्तिगतरुपमा आ-आफ्नो घरमा सरसफाइ गरेर पानी जम्न नदिने र घर वा बाहिर बस्दा शरिर पूरा ढाकिएको कपडा लगाउनुपर्ने उहाँको भनाइ रहेको छ । उहाँले डेँगु लागेपछि धेरै मानिसलाई लक्षण नदेखेर नै निको हुने बताउनुहुन्छ । ‘अहिले गम्भीर बिरामीमा भने सेतो रगत कम हुने गर्दछ’ उहाँले भन्नुभयो, ‘धेरैजसोलाई सिटामोल नै खाएर निको पार्न सकिन्छ ।’

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा विमल चालिसेका अनुसार अस्पतालमा बढिरहेका बताउनुभयो । उहाँ अस्पतालमा सामान्य लक्षणदेखि भर्ना गरेर उपचार गर्नेसम्मका बिरामी आउने थालेको बताउनुहुन्छ । डा चालिसेका अनुसार अस्पतालमा दैनिक ३० देखि ३५ जना भर्ना भएर उपचार गर्ने खालका र आकस्मिक सेवामा दैनिक ६० देखि ७० जना बिरामी आइरहेका छन् ।

‘धेरैजसो बिरामी धेरै ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, खाना मन नलाग्ने, बान्ता हुने, पखाला लाग्नेजस्ता लक्षण भएका बिरामी आउने गरेका छन’, उहाँ भन्नुहुन्छ, ‘उपचार गर्नका लागि अस्पतालमा आएका बिरामीलाई फर्काउने गरेका छैनौं । अहिलेसम्म शैय्याको व्यवस्था गरेका छौं । तर अहिलेको भन्दा बढी भएपछि समस्या हुनेछ ।’ अस्पतालमा ७० शैय्या र २४ सधन उपचार कक्ष (आइसियु) रहेको छ । उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौंलाको मासु दुख्ने आदि डेङ्गुका लक्षण हुन् । डेङ्गु ज्वरो सञ्चो हुने बेलामा शरीरमा राता दाग पनि देखा पर्छन् ।

गम्भीर प्रकृतिको डेङ्गु सङ्क्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुट्टा सुनिनेजस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गराउनुपर्छ । डेङ्गु रोग चार प्रकारका भए पनि अहिले नेपालमा कुन प्रकारको डेङ्गु देखिएको छ भन्नेमा अनुसन्धान भइरहेको छ ।

वीर अस्पतालका उपनिर्देशक डा प्रज्वल श्रेष्ठले अस्पतालमा कोरोना भाइरसका भन्दा डेँगुका बिरामी बढी रहेको बताउनुहुन्छ । उहाँका अनुसार अहिले वीरमा २४ जना डेँगुका बिरामी र २२ जना कोरोना भाइरसका बिरामी रहेका छन् । ‘वर्षायाम सकिने पछि एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले बढ्ने गर्दछन्’, उहाँले भन्नुभयो, ‘तीनै प्रजातिका लामखुट्टेको टोकाइले डेँगु रोग लाग्दछ ।’ उहाँले अहिले दैनिक चारदेखि पाँच जना आकस्मिक कक्षमा उपचार गर्न आउने गरेको बताउनुहुन्छ ।

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले साउन र भदौ महिनामा लामखुट्टेकोसङ्ख्यावृद्धिहुनेभएकाले काठमाडौं उपत्यकासहित तराईमा डेँगुका बिरामी बढेको बताउनुभयो । उहाँलेडेँगुलाईनियन्त्रणगर्नकालागि लामखुट्टेको लार्भा खोजेर मार्नुपर्ने बताउनुभयो । ‘अहिलेको मौसममा लामखुट्टैका लार्भा धेरै नै उत्पादन हुने गर्दछ’, उहाँले भन्नुभयो, ‘पानी जम्न नदिनु, खाल्डाखुल्डी पुर्नु र साना साना पानी जम्ने ठाउँलाई नष्ट गर्नुपर्दछ ।’

उहाँले डेँगु रोकथाम र नियन्त्रणका लागि काठमाडौं उपत्यका जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहलाई निर्देशन दिइरहेको बताउनुभयो । उहाँका अनुसार देशभरिका १३९ स्थानीय तहमा डेँग रोकथाम र नियन्त्रण गर्न लार्भा नियन्त्रण र जनचेतना जगाउनका लागि बजेट विनियोजन गरिएको बताउनुभयो । उपत्यकामा ललितपुरमा सबभन्दा बढी डेँगुका बिरामी देखिएका छन् । लामखुट्टे धेरै पाइने तराई-मधेश तथा पहाडी क्षेत्रमा डेङ्गुको सङ्क्रमण बढ्दै गएको छ । विशेष गरी जनघनत्व बढी भएका काठमाडौं उपत्यका, पोखराजस्ता शहरमा डेङ्गुज्वरोका बिरामी बढिरहेका छन् ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा अहिले ११ जना डेँगुका बिरामीले उपचार गराइसकेका अस्पतालका सूचना अधिकारी रामबिक्रम अधिकारीले जानकारी दिनुभयो । उहाँले अस्पतालमा कोरोना भाइरसका बिरामी घटेसँग डेँगुका बिरामी बढेको बताउनुभयो । नेपालमा सन् २००४ मा पहिलो पटक डेङ्गुको बिरामी फेला परेको थियो । सन् २००४ मा एक जनामा डेँगु देखिएको थियो । त्यसयता डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ । सन् २००६, २०१०, २०१२, २०१३, २०१७ र २०१९ मा डेङ्गु बढेको पाइन्छ । सन् २०१९ मा १७ हजार ९९२ जनामा डेँगुका बिरामी देखिएका थिए । तराई-मधेशमा बढी देखिने डेङ्गु २०१८ पछि भने पोखरा, काठमाडौंजस्ता पहाडी सहरमा पनि देखा पर्‍यो ।

# समयसँगै बदलिँदो तीज



रुपन्देही । ‘जेलैमा हो जेलैमा, चरी जेलैमा, मै छोरी रुँदै रुँदै बेसी मेलैमा’ विष्णु माझीको स्वर रहेको यो तीज गीत यहाँका होटल र पार्टी प्यालेसमा निकै घन्कियो । निकै चर्चामा रहेको यो गीतमा पछिल्लो एक महिना बजारका पार्टी प्यालेसमा नाच्ने र रमाउनेको सङ्ख्या उल्लेख्य थियो । घरसँगै कार्यालयको पनि जिम्मेवारी भएका महिला यस्ता कार्यक्रममा देखिए ।

तीज आउनु एक महिना अघिदेखि नै बुटवल र भैरहवाका होटल तथा पार्टी प्यालेस कार्यक्रमका लागि बुकिङ भएका थिए । सरकारी र गैरसरकारी सङ्घ संस्थाले पनि संस्थागतरुपमै तीज कार्यक्रमको आयोजना गरे । बजारका साँघुरा घरमा जमघट हुन साह्रै गाह्रो हुने भएकाले पनि होटल र पार्टी प्यालेसमा तीज मनाउने क्रम बढेको हो भन्नुहुन्छ, बुटवल लक्ष्मी नगरकी माया पाठक ।

“अहिले महिला घरको काम गरेर अफिस पनि जानुपर्ने हुन्छ । यस्तो अवस्थामा घरमा चेलिबेटी बोलाएर समय दिन पनि गाह्रो । घरको काम गर्ने की नाच्नेगाउने, अब त पार्टी प्यालेस जानुको विकल्प छैन । यसलाई नराम्रो मान्न हुँदैन,” उहाँ भन्नुहुन्छ । सभ्य तरिकाले जहाँ बसेर पनि चाड मनाउन मिल्ने उहाँको बुझाइ छ ।

तीजमा माइती पक्षले चेलीलाई माइत बोलाउँछन् । माइती नहुनेका दिदीबहिनीलाई मावली र आफन्तले बोलाउने गर्छन् । चेलीबेटी बोलाउने र खुवाउनेक्रम जनै पुर्णिमादेखि सुरु हुन्छ । नाचगानको क्रम भने साउने सङ्क्रान्तिबाटै सुरु हुन्छ । त्यसपछि नागपञ्चमी, जनैपूर्णिमा र कृष्ण जन्माष्टमीमा पनि नाचगान गर्ने परम्परा छ । कृष्ण जन्माष्टमीको अघिल्लो दिन पनि चेलीबेटीलाई माइती पक्ष तथा आफन्तले बोलाउने र दर खाने चलन छ । विशेष गरी हरितालिका तीजमा चेलीबेटीको जमघट हुन्छ । पहिले पहिले चेलीबेटी जम्मा भएर आफना पीर, व्यथा र बेदना गीतको माध्यमबाट व्यक्त गर्ने परम्परा रहे पनि अहिले भने बजारमा कलाकारले ल्याएका गीत बजाएरै नाच्ने क्रम बढ्दै गएको छ ।

“अहिले बसेर नाच्ने गाउने भन्ने चलन हराइसक्यो । कसले गीत निकाल्नु कसले मादल बजाउनु ? सबैलाई नआउने भएकाले गीत बजाएरै नाच्छौं । मन परेका गीत बजायो नाच्यो । यही नै सजिलो लाग्न थाल्यो”, बुटवल जितगढीकी गिता आाचार्य भन्नुहुन्छ ।

वास्तवमा जन्मघर छोडेर माइतीमा जम्मा भएका चेलीले आफनो सुख दुःख गीतबाटै व्यक्त गर्ने रमाइलो पर्व हरितालिका तीज हो । जन्मघर छोडेर कर्मघर जाँदाको अनुभव तथा माइतीप्रति गुनासा तथा अपेक्षा गीतबाटै प्रस्तुत गरिन्थ्यो । तर, अहिले पूराना भाका सुनिन छाडेका छन् । पूराना आँगन चौताराको ठाउँ पार्टी प्यालेसले लिएपछि पूराना भाका पनि नयाँ गीत र रचनामा बदलिएका छन् भन्नुहुन्छ, प्राध्यापक इन्दिरा आचार्य ।

“पहिले तीजमा गाइने गीतले चेलीका भावाना र वेदनालाई समेटेका हुन्थे । माइतीप्रति चेलीको बिलौना र पीडालाई समेटेका हुन्थे । तीजका गीतले महिलामाथिको अन्याय अत्याचारका पीडालाई यसरी समेटेका हुन्थे । अबका दिनमा पनि तीजलाई अधिकारमुखी आन्दोलनसँग जोडेर लैजानुपर्छ”, आचार्य भन्नुहुन्छ ।

तीज नेपाली महिलाको महत्वपूर्ण पर्व हो । विशेष गरी हिन्दू महिलाका माझ प्राचीन कालदेखि नै लोकप्रिय रहेको तीज पर्व पछिल्लो समयमा सबै जाती र वर्गमा पनि प्रसिद्ध बनेको छ । सबै चेली जम्मा भएर सुखदुःख साटासाट गर्ने यो पर्व महिलाका लागि रमाइलो चाड हो । पछिल्लो समयमा तीज आधुनिकतातर्फ गए पनि यसको मौलिक संस्कृति विर्सन हुँदैन भन्नुहुन्छ, धर्मगुरु जनार्दन न्यौपाने । “अधुनिकताका नाममा हाम्रो धर्म, संस्कृति र परम्परा विर्सनुहुँदैन । मौलिक संस्कृतिको रक्षा गर्नुपर्छ”, उहाँ भन्नुहुन्छ ।

हिन्दू धार्मिक ग्रन्थअनुसार राजा हिमालयले छोरी पार्वतीको कन्यादान भगवान विष्णुसँग गरिदिने वचन पार्वतीलाई मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गल गएर शिवजीको तपस्या गर्न थालिन् । उनले शिव लिङ्गको स्थापना गरी पानी पनि नपिइकन लामो समय निराहार व्रत बसिन् । यसरी पार्वतीको कठोर बर्तको कारण शिवजी प्रकट भई ‘चिताएको कुरा पुगोस्’ भनी आशीर्वाद दिएपछि शिव पार्वतीको विवाह हुन पुग्यो । त्यो दिन भाद्र शुक्ल तृतीयाको दिन थियो । सोही तिथिदेखि हिन्दू नारीले यस दिनलाई उत्सवका रूपमा मनाउन थालेका हुन् ।

संस्कृत शब्दको तृतीयाबाट बोलिचालीको भाषामा तीज हुन गएको हो । तीजलाई हरितालिका पनि भनिन्छ । ‘हरित’ को अर्थ हरण गरिएको र ‘आलिका’ को अर्थ साथी हुन्छ । भाद्र शुक्ल तृतीयाको दिन पार्वतीलाई विष्णुसँग निश्चय गरिएको विवाहबाट जोगाउन उनका खुसिले हरण गरेर लुकाएका कारण यस दिनलाई हरितालिका भनिएको हो । शिब पार्वतीको यसै दिन विवाह भएका कारण तीजलाई प्रणय दिवसका रूपमा लिइने संस्कृतिविद् राजेन्द्र आचार्य बताउहुन्छ ।

हिन्दू कथामा आधारित तीज अहिले पर्वका रूपमा विकसित भएको छ । पार्वतीको सिको गर्दै आफूले रोजेको वा असल पति पाउन विवाह नभएका महिला व्रत बस्न थाले । आफ्ना पतिको दिर्घायुका लागि विवाहीत महिला व्रत बस्ने गर्छन् । तीजको सम्बन्ध माइतीपक्ष र गीतसँग गाँसिएको छ ।रासस



## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुणा यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हिन्दु नेपाली महिलाहरूले महादेवको पूजा आराधना गरी मनाउने तीज पर्वको अवसरमा धनुषाको क्षीरेश्वरनाथ महादेव स्थान मन्दिर। स्वस्थानी व्रतकथामा उल्लेख गरिएको सतिको केस (कपाल) झरेको मान्यता रहेको यस क्षीरेश्वरनाथ महादेव मन्दिरमा साउने सोमबार, तीज, महाशिवरात्रिलगायतमा मेला लाग्ने गर्दछ। *तस्बिर : रासस*

# निःशुल्क एम्बुलेन्स सेवा सुरु

वीरगञ्ज । पर्साको सखुवाप्रसौनी गाउँपालिकाले पहिलोपटक पालिकाभित्रका सबै बिरामीका लागि निःशुल्करूपमा एम्बुलेन्स सेवा सुरु गरेको छ। पालिकाअन्तर्गत व्यक्ति बिरामी परेर उपचारका लागि पर्सा जिल्लाको कुनै पनि अस्पतालमा जान परे एम्बुलेन्सले निःशुल्क सेवा प्रदान गर्न सुरु गरेको गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले बताउनुभयो।

हाल पालिकामा दुईवटा निःशुल्क एम्बुलेन्स उपलब्ध छ। मधुवन मथलव स्वास्थ्यचौकी र महुवन स्वास्थ्यचौकीमा रहेका दुईवटा एम्बुलेन्स, पालिकाका सेवाग्राहीका लागि निःशुल्क उपलब्ध गराउन थालिएको गाउँपालिलाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले जनानकारी दिनुभयो।सखुवाप्रसौनीगाउँपालिकाका सेवाग्राहीले उपचारका लागि पर्सा जिल्लाभन्दा बाहिरी जिल्लाको अस्पताल वा स्वास्थ्य संस्थामा जानुपरेमा भने इन्धन खर्चमात्रै सेवाग्राही स्वयंले व्यहोर्नुपर्ने अध्यक्ष यादवले बताउनुभयो।

**मियाँको मृत्युको निष्पक्ष छानविनको माग**

पर्साको छिपहरमाई गाउँपालिका-२ निवासी ३२ वर्षीय फिरोज मियाँ (अन्सारी) का आफन्त तथा शुभेच्छुकहरूले उहाँको मृत्युको घटनाको तत्काल निष्पक्ष छानविनको माग गरेका छन् । वीरगञ्जस्थित वीरगञ्ज हेल्थ केयर अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको लापरवाहीका कारण मियाँको ज्यान गएको आरोप लगाउँदै मियाँका आफन्त तथा शुभेच्छुकले दोषीलाई कारबाहीको मागसहित सो घटनाको निष्पक्ष छानविनको माग गरेका हुन्।

स्वास्थ्यमा समस्या भएपछि गत साउन २६ गते अस्पताल भर्ना हुनुभएका मियाँको गत साउन २७ गते डा आसिफ अन्सारीले पित्तथैलीमा रहेको

*मधुवन मथलव स्वास्थ्यचौकी र महुवन स्वास्थ्यचौकीमा रहेका दुईवटा एम्बुलेन्स, पालिकाका सेवाग्राहीका लागि निःशुल्क उपलब्ध गराउन थालिएको गाउँपालिलाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले जनानकारी दिनुभयो।*

पत्थरीको शल्यक्रिया गर्नुभएको थियो। शल्यक्रिया भइसकेपछि उहाँको स्वास्थ्य अवस्था जटिल बनेपछि थप उपचारका लागि मियाँलाई काठमाडौँको मेडिसिटी अस्पताल पठाइएकामा उपचारकै क्रममा उहाँको भदौ ५ गते मृत्यु भएको थियो।

हेल्थ केयरमा कार्यरत स्वास्थ्यकर्मीको लापरवाहीका कारण शल्यक्रियाका क्रममा उपचारमा अत्यधिक रगत बगेका कारण मियाँको ज्यान गएको फिरोजका पिता जुनम मियाँको आरोप छ।

बिरामीका आफन्तले यसबारे न्यायिक छानविन र दोषीमाथि कानुनबमोजिम कारबाहीको माग राख्दै यसअघि जिल्ला प्रशासन कार्यालय पर्सामा समेत लिखितरूपमा उजुरी दर्ता गराएको फिरोजका पिता जुनम मियाँले जानकारी दिनुभयो।

यसै विषयमा वीरगञ्जस्थित हेल्थ केयर अस्पतालका सञ्चालक डा अबुलहैस अन्सारीले अस्पतालका पक्षबाट फिरोजको उपचारमा कुनै लापरवाही नभएको र उहाँको स्वास्थ्य अवस्था बिग्रिँदै जानुको कारण पहिलादेखि नै हृदय रोगी रहेको दाबी गर्नुभयो। यता वीरगञ्ज हेल्थ केयरमा कार्यरत डा आसिफ अन्सारीको पेशागत र व्यक्तिगत चरित्रहत्या हुनेगरी बिरामीका आफन्त र केही सञ्चारमाध्यमले भ्रामक हल्ला फैलाएको भन्दै चिकित्सक सङ्घ नारायणीले आपत्ति जनाएको छ।

डा गुप्ताले वीरगञ्ज हेल्थ केयरमा उपचारका क्रममा दूरबिन प्रविधिबाट शल्यक्रिया गर्ने क्रममा आवश्यक सबै सावधानी अपनाउँदा पनि मियाँको गल ब्लाडर बेडबाट अत्यधिक रक्तश्राव भएपछि ओपन सर्जरीका माध्यमले रक्तश्राव रोकेर शल्यक्रिया गरिएको बताउनुभयो।रासस

# सिन्धुलीमा हात्तीको त्रास

सिन्धुली । जिल्लामा जङ्गली हात्तीको त्रास बढेको छ । रातको समयमा गाउँ पसेर आतङ्क मच्चाउन थालेपछि त्रास बढेको हो । तीन वटा हात्तीले दुधौली नगरपालिकामा मात्रै वर्षको चार पटकसम्म दुःख दिने गरेको स्थानीयवासी बताउँछन्।

"हात्तीले कहिले ? कुन ठाउँमा पुगेर आतङ्क मच्चाउँछन् भन्ने कसैलाई थाहा हुँदैन, जहिल्यै त्रासमा बस्नु परेको छ", दुधौली नगरपालिका-३ खट्टेपानीकी आइतीमाया सार्कीले सुनाउनुभयो । एक हप्तादेखि कमलामाई नगरपालिकाको वडा नम्बर ८, ९, १०, १३ र १४ मा प्रवेश गरेको हात्तीले घर भत्काउनुका साथै अन्नबाली नास गर्न थालेपछि छिमेकी वडाका स्थानीय बासिन्दाको समेत निद्रा हराम भएको छ।

हात्ती गाउँ पसेको जानकारी दिने भरपर्दो सूचना प्रणाली नभएकोले यस्तो समस्या भएको स्थानीय बचरी कार्की बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "हात्ती गाउँमा पसेको जानकारी दिइने साइरन वा अन्य भरपर्दो सूचना प्रणाली अपनाउन सके यसबाट हुने मानवीय तथा भौतिक क्षतिमा कमी आउने थियो।"

गत शनिबार हरितालिका तीजको लागि कुटेर राखेको एक मुरी चामल हात्तीले खाइदिएको स्थानीय पुर्णबहादुर मश्राङ्गीले बताउनुभयो । घरको एक पाखो भत्काई थप पाँच बोरा धान नास गरिदिएको उहाँको भनाइ छ । उहाँको छिमेकी बालानन्द बरालको आइतबार राति करिब दुई कठ्ठामा लगाएको धान उखेलेर र माडेर सखाप बनाइदिएको छ । "राति सुतिराखेको बेलामा तीनवटा हात्ती आएर खेतमा भर्खर मलजल गरी हरियो भएको धान माडेर मैदान बनाएर सखाप बनाइदियो । म त आँखा देख्दिन, राति हात्ती आयो भनेर सबैले हल्लाखल्ला गरेपछि थाहा भयो", एकहत्तर बर्षिय बरालले भन्नुभयो, "हात्तीले माडेर मैदान पारेको धान अब सखाप भयो, यसको क्षतिपूर्ति पाउन पाए हुन्थ्यो।"

यही सात भदौँमा कमलामाई नगरपालिका-९ मा देखिएको हात्तीले हालसम्म कहाँ र कति क्षति गर्‍यो भन्ने एकिन तथ्याङ्क सङ्कलन भइसकेको छैन । एक सातामा हात्तीले दर्जनौं गोठ, भान्साघर भत्काउनुका साथै अन्नपात, केरा र धान खेतीमा क्षति पुर्‍याएको बताइएको छ।

जङ्गली हात्तीले गाउँमा पसेर गरेको क्षतिबारे स्थानीयले जानकारी दिएपछि कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखेल आइतबार र सोमबार स्थलगत निरीक्षणमा निस्कनु भएको थियो । अनुगमनको क्रममा केही घर आंशिक रूपमा भत्काई दिएको र अन्नबालीमा नोक्सान गरेको पाइएको उहाँले बताउनुभयो । "हात्तीले नोक्सान गरेको एकिन विवरण सम्बन्धित वडालाई तत्काल सिफारिस गर्नु भनेको छु। हात्ती पीडितलाई उचित क्षतीपुर्तिको व्यवस्था हामी गर्छौं", नगरप्रमुख पोखेलले भन्नुभयो । हात्तीको आक्रमणले पुर्‍याएको नोक्सानी अनुसार वडाको सिफारिसमा नगरपालिकाले तत्काल राहत उपलब्ध गराउने उहाँले आश्वास दिनुभएको छ । रासस

# पुल बन्दा स्थानीय उत्साहित

विराटनगर । मोरङको जहादा गाउँपालिका ३ मा रहेको जुडीखोलामा झोलुङ्गे पुल निर्माण हुँदा स्थानीय उत्साहित भएका छन् । प्रदेश सरकारको सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको सहयोगमा जुडीखोलामा झोलुङ्गे पुल निर्माण हुँदा स्थानीय उत्साहित भएका हुन।

जहदा गाउँपालिकाको वडा नम्बर ३ चारैतिरवाट जुडीखोलाले घेरिएकाले पुल नहुँदा आवतजावत गर्न स्थानीयलाई समस्या हुने गरेको थियो। वडा अध्यक्ष अनिलकुमार ठाकुरले वर्षायाममा नजिकैको टोलमा पुग्न घण्टौ हिड्नुपर्ने समस्या अन्त भएको बताउनुभयो।

"खोला तर्न नसक्नेले आधा किलोमिटर बाटोको दुरी कायम गर्न करिब पाँच किलोमिटर धुमेर पुग्नु पर्ने बाध्यता थियो", वडा अध्यक्ष ठाकुरले भन्नुभयो, "झोलुङ्गे पुलले सहज बनायो। "

साँघुरो बाटो र खोलामा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यतामा रहेका स्थानीयले झोलुङ्गे पुल बनेसँगै सहजआवतजावत गर्न बनेको छ। वडाकै ववनटोली र जयरामपुरको बीचमा पर्ने जुडीखोलामा झोलुङ्गे पुल निर्माण हुँदा उत्साहित भएको स्थानीय ७३ वर्षिय सरुपलाल मलाहले बताउनुभयो।

झोलुङ्गे पुल बनेपछि आधा दर्जन वस्तीका करिब पाँचहजार व्यक्तिलाई आवतजावत गर्न सहज भएको उहाको भनाइ थियो। स्थानीय नारायण कामतले खोला तर्नुपर्ने समस्याबाट मुक्ति पाएको बताउनुभयो ।रासस

# पशुपतिनाथको पूर्वी मूलढोका खोल्दा तीज बर्तालुको दर्शनमा सहज



काठमाण्डु । हरितालिका (तीज) पर्वका अवसरमा १५ वर्षदेखि बन्द रहेको पशुपतिनाथको पूर्वी मूलढोका खोल्दा दर्शनार्थीलाई सहज भएको छ।

पशुपति क्षेत्र विकास कोषले विसं २०६५ देखि बन्द रहेको वाग्मती नदी किनार एवं आर्यघाट क्षेत्रको पूर्वी मूलढोका यस वर्षको हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथको दर्शनमा आउने बर्तालु भक्तजनका लागि सहज बनाउन खोलेको थियो । लामो समयपछि पूर्वी ढोका खोल्दा कोटेश्वर-तीनकुने क्षेत्रबाट सिनामङ्गल-त्रिभुवन अन्तर्राष्टिय विमानस्थल हुँदै जाने भक्तजनलाई सहज भएको हो । यसले गर्दा माथिल्लो मार्गबाट प्रवेश गर्ने भक्तजनको चापमा कमी आएको छ।

पशुपतिनाथका मूलभट्ट परिवर्तन गर्ने विसं २०६५ को घटनापछि पूर्वी ढोका बन्द गरिएको थियो। आक्कलझुक्कल यो ढोका खुल्ने गरे पनि भक्तजनकै लागि भने यसै वर्षमात्र खुला गरिएको हो। यो ढोका अब नियमितरूपमा खोल्ने तयारी पनि कोषले गरेको छ।

यस वर्ष कोटेश्वर-तीनकुने-सिनामङ्गल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगङ्गा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने व्यवस्था गरिएको छ। यसले गर्दा बिहानैदेखि दर्शनार्थीलाई सहजरूपमा दर्शन गराउन सकिएको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले राससलाई जानकारी दिनुभयो।

तीजमा दर्शन गर्ने भक्तजनका लागि यो सहित चार वटा लामको व्यवस्था गरिएको छ। दोस्रो लाम मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी व्यवस्था गरिएको छ। यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल शङ्कराचार्य मठअघिको क्षेत्रमा राख्ने गरी व्यवस्था गरिएको छ।

तेस्रो लाम गौशाला-पिङ्गलस्थान-पञ्चदेवल क्षेत्रबाट अघि बढ्ने व्यवस्था मिलाइएको छ। यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल बज्रघरअघिको भाग राखिएको छ । ठाउँ-ठाउँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता-चप्पल सम्बन्धित स्थानमै राख्ने व्यवस्था गर्दा पनि सहजरूपमा दर्शन गरेर फर्कन सकिएको भक्तपुरबाट दर्शनमा आउनुभएकी पार्वती राउतले बताउनुभयो।

चौथो लाम गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै पशुपतिनाथ मन्दिरमा प्रवेश गराइएको छ। यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता-चप्पल गुरु मन्दिरअघिको खुला भागमा राख्न लगाइएको छ । धेरै ठाउँबाट व्यवस्थितरूपमा दर्शनार्थी प्रवेश गराइएकाले चक्रपथको सवारी मध्याह्नसम्म बन्द गरिएको छैन।

पशुपति क्षेत्रमा सुरक्षाका लागि चारवटै सुरक्षा निकायलाई संयुक्तरूपमा परिचालन गरिएको छ। बाहिरी भागमा पुरुष सुरक्षाकर्मी पनि परिचालन गरिएको छ । मूल मन्दिरभित्र भने सुरक्षाकर्मी र स्वयंसेवक दुवै महिला नै परिचालन गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताउनुभयो।

मूल मन्दिरमा तस्वीर खिच्नेलाई रु दुई हजार एक सयसम्म जरिवाना

हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनले मूल मन्दिर र त्यस परिसरको तस्वीर खिचेमा नगद जरिवाना सुरु गरिएको छ। पशुपतिनाथको मूल मन्दिरभित्र प्राचीनकालदेखि नै तस्वीर खिच्न मनाही गरिँदै आएको छ। पछिल्लो समय सबैका हातमा मोबाइल हुने भएकाले चलाए जसरी तस्वीर खिच्ने क्रम बढ्न थालेपछि नगद जरिवानासहित कारबाही सुरु गरिएको कोषले जनाएको छ।

सनातनदेखि तस्वीर खिच्न मनाही गरिएको स्थानको तस्वीर खिची सामाजिक सञ्जालमा राख्ने, टिकटक बनाउने गर्ने क्रम बढ्न थालेपछि कोषले यस्तो नियम लागू गरेको हो। गर्भगृहको तस्वीर खिचेमा रु दुई हजार एक सय, मुख्य मन्दिरको तस्वीर खिचेमा रु एक हजार एक सय र मूल मन्दिर परिसरको तस्वीर खिचेमा रु पाँच सय जरिवाना गर्न थालिएको छ। पशुपपतिनाथ मूल मन्दिर क्षेत्रमा मोबाइलले तस्वीर खिचे नखिचेको अनुगमन गर्न कोषका कर्मचारी समूहले सूक्ष्म अनुगमन गरिरहेको संस्कृति संरक्षण महाशाखा प्रमुख पराजुलीले बताउनुभयो ।रासस

# शिवालयमा बिहानैदेखि तीज वर्तालुको भीड



काठमाण्डु । भाद्र शुक्ल तृतीयाका दिन मनाइने हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा एवं दर्शनार्थीको बिहान तीन बजेदेखि नै भीड लागेको छ । दर्शनार्थीले छिटोभन्दा छिटो मन्दिरमा दर्शन गर्न सकून् भन्ने उद्देश्यले बिहान सवा तीन बजेदेखि नै पशुपतिनाथ मन्दिरका चारै ढोका खोलिएको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

मन्दिरका चार ढोका बेलुकी भक्तजन लाममा बसेसम्म खुला गरिने जनाइएको छ। रातो, हरियो र पहेँलो पहिरनमा सजिएका महिला भक्तजनको पशुपति क्षेत्रमा भीड हो। बिहान मूल मन्दिर प्राङ्गणमा मात्र वर्तालु लाममा बसेका छन् । बाहिरी क्षेत्रमा भीड भएको पनि उहाँले बताउनुभयो।

पूजा एवं दर्शन गर्न आउने भक्तजनका लागि चार वटा मार्गको व्यवस्था गरिएको कोषले जनाएको छ । कोषले यस वर्षको हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथको दर्शनमा आउने वर्तालु भक्तजनका लागि सहज बनाउन नयाँ लामको व्यवस्था गरेको छ।

कोटेश्वर-तीनकुने -सिनामंगल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगंगा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने व्यवस्था गरेको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिनुभयो । यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल आर्यघाट जाने वाग्मती नदीमाथिका दुई पुल पार गरेपछिको मध्य क्षेत्रमा राख्ने गरी व्यवस्था मिलाइएको छ। यस क्षेत्रमा जुत्ता चप्पल सुरक्षित राखेर स्वयंसेवा गर्ने जिम्मेवारी जयवागेश्वरी टोल सुधार समितिले पाएको छ।

पशुपतिनाथको बाहिरी मूलढोका भक्तजनका लागि २०६५ सालपछि यो वर्ष तीजमा पहिलोपटक खुला गरिएको हो । पशुपतिनाथको पुजारी प्रकरणपछि यो ढोका भक्तजनका लागि खुला गरिएको थिएन। यो मार्गबाट प्रवेश गर्ने भक्तजनको पनि पशुपति क्षेत्रमा घुइँचो छ। वर्तालु जुन ढोकाबाट भित्र प्रवेश गर्छन् त्यसै ढोकाबाट बाहिर निस्कने गरेका छन्। तीजमा दर्शन गर्ने भक्तजनका लागि यो सहित चार वटा लामको व्यवस्था गरिएको छ। दोस्रो लाम मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी व्यवस्था गरिएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्ने व्यवस्था गरिएको छ। यहाँ पशुपति सृजनशील युवा क्लबले जुत्ता चप्पल सुरक्षित राखेर भक्तजनलाई सहयोग गर्ने जिम्मेवारी लिएको छ। तेस्रो लाम गौशाला-पिंगलस्थान-पञ्चदेवल क्षेत्रबाट अघि बढ्ने व्यवस्था मिलाइएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल बज्रघरअघिको भागमा राखिएको छ । यस स्थानको जुत्ता चप्पल व्यवस्थापनको जिम्मेवारी अमर नवकान्तेश्वर युवा क्लबले लिएको छ । चौँथो लाम गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै पशुपतिनाथ मन्दिरमा प्रवेश गर्नेछ। यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल गुरु मन्दिरअघिको खुला भागमा राखिएको छ । यहाँ भक्तजनको जुत्ता चप्पल सुरक्षित राखिदिने जिम्मेवारी नवरथ स्काउट ग्रुपले लिएको छ।

दर्शनार्थीका सवारी पार्किङ गर्नका लागि तिलगंगा आँखा अस्पतालतर्फको खुला क्षेत्र, सिफल चौर, गुह्येश्वरी पारिको खाली भाग, महानगरीय प्रहरी वृत्त गौशाला परिसरको खाली भाग छुट्याइएको छ। पर्वसँग सम्बन्धित सरकारी निकायका कर्मचारीको सवारी भने कोषको कार्यालय र अमालकोट कचहरीको कार्यालय परिसरमा राख्ने व्यवस्था गरिएको छ। नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र कोषका सुरक्षाकर्मी सहितको एकीकृत सुरक्षा योजना लागू गरिएकाले पशुपति क्षेत्रको सुरक्षा कडा बनाइएको छ। दर्शनार्थीको भीड भएको क्षेत्रमा सवारी निषेध गरिएको छ। पशुपति क्षेत्रमा नेपाली सेनालगायतले स्वास्थ्य शिविर पनि खडा गरेका छन्।

पर्वका अवसरमा आज पशुपतिनाथसँगै उपत्यकाका गोकर्णेश्वर,डोलेश्वर लगायत देशभरका शिव मन्दिरमा पनि भक्तजनको घुइँचो छ। देशभरका शिवालयमा वर्तालु महिलाको भीड लागेको छ।रासस


## कर्मचारी आवश्यकता

प्रकाशित मिति : २०७९/०५/१५

**यस श्री जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि. का लागि देहाय बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई मिति २०७९/०५/३० गते भित्र संस्थामा दरखास्त दिनुहुन अनुरोध गरिन्छ।**

**विज्ञापन नं. : ०१।०७९।०८०**

| पद | संख्या | शैक्षिक योग्यता | उमेर | छनौट प्रक्रिया | नियुक्तिको किसिम | तलब सूबिधा |
|---|---|---|---|---|---|---|
| प्रबन्धक | १ जना | व्यवस्थापन संकायमा स्नात्तक वा +२ पास तथा वित्तिय क्षेत्रमा २ वर्ष अनुभव भएका र कम्प्युटरमा दक्ष | २५ वर्ष पुरा भएको ५५ वर्ष्न ननाघेको | अन्तर्वाता | करार | संस्थाको नियमानुसार |

**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित योगयता हासिल गरेको प्रतिलिपि प्रमाणपत्र, ड्राइभिङ्ग हकमा लाइसेन्स, कम्प्युटर तालिम तथा अनुभवका प्रमाणपत्र र प्रतिवद्धता सहितको हस्तलिखित निवेदन।

**दरखास्त दिने स्थान** : कार्यलय समयभित्र, संस्थाको कार्यालय श्री जगदम्बा बचत तथा ऋण सहकारी संस्था लि. चुरोट फैक्ट्री रोड मेडिकल गेट अगाडि सम्पर्क नं. : ०४१-५२८३०९ मो.नं. ९८१३०५४५९५

**पदपूर्ती उपसमिति**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# काम नगर्नेलाई कारवाही गर

स्थानीय देखि प्रदेश तथा संघवाट हुने बोलपत्रको आह्वान स्वीकृति लिएका धेरै ठेक्केदारहरु काम अलपत्र छाडेर बसेका छन्। तर, उनीहरुमाथि नियमन भने देखिएको छैन्। काम कमसल गर्ने त्यसमा पनि समयमा नगर्दा तराई मधेशका दर्जनौ पुल पुलेसी तथा सडकहरु अहिले पनि अलपत्र परेको छ। सम्वन्धित निकायले आह्वान गरेको बेलपत्र कवुल गर्ने तर समयमा काम नगर्ने परिपाटि दिन प्रतिदिन बढ्दै गएको भएपनि नियमन गर्ने निकाय भने मौन देखिएको छ। एकआध काम गरिएपनि त्यो कमसल गर्ने तर, निकासा भने पुरै गर्ने परिपाटी पनि दिनप्रतिदिन बढ्दै गएको छ। सरकारले उनीहरुलाई कारवाही नगरेकै कारण त्यस्ता त्यस्ता समस्याहरु दिनप्रतिदिन बढ्दै गएको छ। सरकारले त्यस्ता त्यस्ता कम्पनी तथा ठेक्केदारहरुलाई छिटो भन्दा छिटो कारावहीको दायरामा ल्याउनुपर्ने देखिन्छ। तराई मधेशका नदीहरुमा बर्षौदेखी पुलहरु अपलपत्र छन् तर त्यसको अनुगमन र नियमन गर्ने निकाय भने मौन देखिएको छ। संघ सरकार वा पदेश सरकार वा स्थानीय सरकार जुन सरकारको बजेट हुन्छ त्यस सरकारले त्यस्ता त्यस्ता कम्पनीलाई व्लयाक लिष्ट गर्दै उनीहरुको लाइसेन्स सम्म जफ्त गर्नुपर्ने अवस्था सृजना भएको छ। भन्नकोलागि काम सकिएको भन्ने गरेका छन् तर कमसल काम गरेर ती ठेकेदारहरु चोखो बन्न चाहेका हुन्छन्। सरकारले तिनीहरुलाई कारवाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ। स्थानीय सरकारहरु पनि पटक पटक ठेक्केदारहरुको समस्या खुल्ला मञ्चमै राख्ने गरेको भएपनि त्यसतिर संघ सरकार वा नियमन निकायले कुनै चासो लिएका छैनन्। १२/१२ बर्ष देखि एउटा पुल निर्माण गर्न नसक्ने कम्पनीलाई कारवाहीको दायरामा ल्याउनुको साटो उनीहरुलाई दिइएको स्वतन्त्रताले अरु अरु त्यस्ता कम्पनीहरु दिन प्रतिदिन थपिदै गएको छ। सरकारले त्यस तिर ध्यान दिएर त्यस्ता त्यस्ता झोले कम्पनीहरुलाई नियन्त्रणमा लिनुपर्ने देखिन्छ। एउटा पुल बनाउनकालागि निर्धारित समय भन्दा बढी समय लिनेहरुलाई ती कार्यालय वा सम्वन्धित निकायले कारवाहीको दायरामा नल्याए जनताको गुनासो यथावत रहने छ। सरकारले यस तिर ध्यान दिनु जरुरी छ। काम नगर्नेलाई कारवाही र काम गर्नेलाई पुरस्कारको व्यवस्था छ तर पुरस्कार लिनु भन्दा बढी काम नगर्नेहरुको संख्या रहेका कारण त्यस्तालाई छिटो भन्दा छिटो कारवाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ।

# अघोषित लोडसेडिङ र देश समृद्धिको सपना

अहिले देशभर अघोषित लोडसेडिङ छ कि छैन, यो कुरो भन्न सजिलो छैन तर धेरै ठाउँमा छिनछिनमा लाइन गइरहने समस्या रहेको छ। यसको उदाहरण यो पनि हो कि एकै दिन विभिन्न जिल्लामा अघोषित लोडसेडिङविरुद्ध युवाहरुले प्रदर्शन गरेछन्। युवाहरुले अघोषित लोडसेडिङ विरुद्ध प्रदर्शन नै गर्नेपर्ने अवस्था आउँदा कतिपयले भने अर्कै अनुमान गरेका छन्। अहिले चुनाव आउन थालेको छ। चुनावको मिति घोषणा भएपछि देशभरमा बालेन र हर्कको समर्थन गर्ने युवाहरुले चुनाव लक्षित आफ्नो अस्तित्व देखाउनको लागि सर्वसाधारणका समस्यालाई मुखरित गर्न प्रदर्शन गरेका हुन् रे। अन्तरकुन्तरमा कुनै कारण होला तर युवाहरुले जुन प्रदर्शन गरेका छन् त्यसमा यथार्थ रहेको छ। बिजुलीका समस्याहरु अनेक छन् र छिनछिनमा लाइन कट्दा मुख्य रुपमा विद्युतीय सामग्रीमा कत्तिको असर गर्दो रहेछ भन्ने भरपाई गर्ने कुनै उपाय छैन।

देशमा अहिले विद्युतको उत्पादन राम्रो भइरहेको छ। देशमा उत्पादन भइरहेको बिजुली अहिले खपत बढाउने उपायको खोजी भइरहेको छ। एकातिर ऊर्जा अर्थात् डिजल, पेट्रोल तथा मट्टितेलमा जति धेरै लगानी भइरहेको छ, त्यसलाई कसरी कम गर्न सकिन्छ भन्ने विकल्पको खोजी भइरहेको छ। घरमा एलपि ग्याँसको सट्टा विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन दिइरहेको अवस्था यसकारण पनि छ कि नेपालीको भान्छामा विद्युत खपत हुँदा एकातिर बिजुलीको महसुलमा तिरेको जति पैसा नेपालमै रहने हुन्छ भने अर्कोतिर देशले डलरमा किन्नुपर्ने एलपि ग्याँसको आयातमा कमी आउँछ। नितान्त उपभोक्ताको हकमा पनि फाइदा छ। अहिले एलपि ग्याँस प्रयोग भइरहेको ठाउँमा विद्युतीय चुलो प्रयोग गर्दा एलपि ग्याँसभन्दा भान्छामा विद्युत निकै सस्तो परिरहेको छ। प्रयोग गर्नेहरु भन्दछन् - यदि व्यक्तिगत कुरो गर्ने हो भने पनि इन्डक्सन चुलोबाट खाना पकाउने हो भने ग्याँसको तुलनामा निकै धेरै फाइदा हुन्छ।

घरमा विद्युतको प्रयोग गर्दा सोझै तिनतिर फाइदा हुने देखिएको छ। व्यक्तिगत बचत, देशकै विद्युत खपत र विदेशमा देशको पैसा जान रोकिने। यसको दीर्घकालीन महत्व रहेको छ। देशलाई समृद्ध बनाउने सपनाको बाटोमा यो पनि एउटा गोरेटो हो। साँच्चिकै यदि हामीले आफ्नो घरमा बिजुलीबाट खाना पकाउने र खेतमा बिजुलीबाट सिंचाइ गर्न थाल्ने हो भने यो धेरै हदसम्म किफाइती हुन्छ। जहाँ डिजेलबाट सिंचाइ गर्दा एक घन्टामा सर्वसाधारण किसानले अहिले पाँच सय रुपैया तिर्नु परिरहेको छ। त्यसैलाई यदि बिजुलीमा कन्भर्ट गर्ने हो भने केही रुपैया मात्र लाग्न सक्छ। यसलाई व्यवहारमा यसरी बुझ्न सकिन्छ : एक घन्टामा डिजलबाट चल्ने पम्पसेटले चार कट्ठा खेतमा पानी पटायो। त्यही चार कट्ठा खेत पटाउन बिजुलीबाट चल्ने बोरिङबाट डेढ घन्टा लाग्यो। डेढ घन्टामा पाँच युनिट विद्युत खर्च भयो। पाँच युनिट विद्युतको कूल खर्च पऱ्यो दश रुपैया। जति सुकै धेरै भए पनि यसलाई अझ दोब्बर गरेर बिस रुपैया नै मानौं। जहाँ चार कट्ठा खेत पटाउन पाँच सय रुपैया परेको छ त्यहीं बिस रुपैया पर्नुमा कुनै तुलना हुन सक्दैन। अझ प्रदेश सरकारले घोषणा गरेजस्तै यदि पचहत्तर प्रतिशत रुपैया तिरिदिने हो भने त्यही चार कट्ठा पटाउन दश रुपैया लागेको छ भने अढाई रुपैया र यदि बिस रुपैयाको विद्युत खर्च भएको छ भने पाँच रुपैया भयो अर्थात् करिब एक प्रतिशत रकममा सिंचाइ हुन्छ। एक प्रतिशत नभए पनि यदि बिजुलीको खपतबाट हुने सिंचाइ र डिजलबाट हुने सिंचाइमा कुनै तुलना नै हुन सक्ने अवस्था छैन भने सर्वसाधारण किसानले पनि बिजुलीको खपतमा वृद्धि गर्नु स्वास्थ्य तथा वातावरण र अर्थतन्त्र सबै दृष्टिकोणले फाइदाजनक रहेको छ। यी कुरा बुझ्न धेरै गाह्रो पनि छैन तर समस्या फेरि पनि अघोषित लोडसेडिङकै हुन जान्छ।



सञ्जय साह मित्र

**देशमा अहिले विद्युतको उत्पादन राम्रो भइरहेको छ। देशमा उत्पादन भइरहेको बिजुली अहिले खपत बढाउने उपायको खोजी भइरहेको छ। एकातिर ऊर्जा अर्थात् डिजल, पेट्रोल तथा मट्टितेलमा जति धेरै लगानी भइरहेको छ, त्यसलाई कसरी कम गर्न सकिन्छ भन्ने विकल्पको खोजी भइरहेको छ। घरमा एलपि ग्याँसको सट्टा विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन दिइरहेको अवस्था यसकारण पनि छ कि नेपालीको भान्छामा विद्युत खपत हुँदा एकातिर बिजुलीको महसुलमा तिरेको जति पैसा नेपालमै रहने हुन्छ भने अर्कोतिर देशले डलरमा किन्नुपर्ने एलपि ग्याँसको आयातमा कमी आउँछ। नितान्त उपभोक्ताको हकमा पनि फाइदा छ।**

अहिले विदेश निर्यात हुन थालेको विद्युतका दुई समस्या रहेका छन्। उत्पादित विद्युतको खपत कसरी वृद्धि गर्ने र सर्वसाधारण उपभोक्तलाई लोडसेडिङरहित विद्युत कसरी उपलब्ध गराउने। हुन त प्राधिकरणले लोडसेडिङ छ भनेर कहिल्यै भनेको छैन। लोडसेडिङको कुनै तालिका सार्वजनिक गरेको छैन तर अघोसित लोडसेडिङप्रति गम्भीरतापूर्वक जिम्मेवार बन्न सकेको पनि छैन। सञ्चार माध्यममा अघोषित लोडसेडिङको बारेमा समाचारहरु आइरहँदा यस विषयमा खासै गम्भीरतापूर्वक लिएर केही बोलको सर्वसाधारणले सुन्न सकेका छैनन्। वा, अघोषित लोडसेडिङलाई प्राधिकरणले गम्भीरतापूर्वक लिएको देखिएको छैन। यसै भएर प्राधिकरणको ध्यानाकर्षण गराउन केही जिल्लामा युवाहरु विरोधमा उत्रेका हुन सक्छन्। यो त प्राधिकरणकै हितमा छ भन्ने कुरो प्राधिकरणले पनि बुझ्नुपर्ने हो र लोडसेडिङमुक्त भइसकेको भनिएको देशमा सर्वसाधारण उपभोक्ताले यस्तो कुनै दिन छैन जुन दिन दुई चार पटक लाइन गएको देख्न नपरेको होओस्। घन्टौं लाइन जान्छ। छिनछिनमा लाइन जान्छ। यसप्रति कोही जवाफदेही हुँदैन। नजिकको कार्यालयमा फोन गरेर सोध्दा एउटै जवाफ हुन्छ - माथि समस्या छ। प्राधिकरणमा माथि समस्या छ भन्ने अठोस जवाफले उपभोक्ता पीडित छन्। प्राधिकरणले माथि समस्या छ, कसरी हुन्छ, कम गर्नु परेको छ।

कोही भन्दछन् कमाएर धनी बन्न सकिन्छ, अर्को थरि भन्दछन् बचत गरेर भनी हुन सकिन्छ। दुवै सत्य हुन् र दुवैमा समानता यो छ कि कमाउने हो भने मात्र बचत गर्न सकिन्छ। कमाउने हो र कमाउनेभन्दा बढी खर्च हुन्छ भने बचत हुन्न। यसैले कमाउने पनि हो र कमाए जति खर्च गर्ने पनि होइन अनि बचत हुन्छ। अर्थशास्त्रको सिद्धान्तले यही भन्दछ। पहिले हामी बिजुली पनि बाहिरबाट किन्थ्यौं तर केही समयदेखि यो अवस्था विस्तारै कम हुँदै गएको छ। प्राधिकरणले भनेको छ कि आगामी वर्षदेखि कुनै पनि महिनामा बाहिरबाट विद्युत ल्याउनु नपर्ने गरी विद्युत उत्पादनको तयारी हुँदैछ। अहिले बितेको साउन महिनामा पहिलोचोटि प्राधिकरणले विद्युत निर्यात गरेर राम्रो आम्दानी गर्न सफल भएको छ। अबको दिनमा यो विस्तार भइरहन्छ। अहिले नाफामा रहेको बिजुली सार्क देशमध्ये भुटानभन्दा मात्र अलिकति महँगो छ र अन्य सबै देशभन्दा सस्तो छ भनिएको छ। एउटा सत्य त के हो भने गत आधा दशकमा विद्युत महसुलमा वृद्धि भएको छैन, बरु कम भएको छ। अन्य सबै सामानको भाउ बढेको छ तर बिजुली महसुल भने घटेको छ। अरुको तुलनामा मोबाइल फोनमा कुरा गर्दा लाग्ने शुल्कमा पनि खासै परिवर्तन भएको छैन तर यही भारतको तुलनामा भने हामीकहाँ मोबाइलमा कुरा गर्नु निकै महँगो भने अवश्य छ। बिजुलीको महसुल नबढ्दा पनि विद्युत प्राधिकरण नाफामा छ।

विद्युत उत्पादन भइरहेको छ। हरेक वर्ष उत्पादन बढिरहेको छ। यस वर्ष नै करिब एक हजार मेगावाट थप उत्पादन हुने अनुमान रहेको छ। यसरी हरेक वर्ष विद्युतको उत्पादन बढिरहेको छ भने देशमै खपत पनि बडिरहेको छ। विद्युत कपितय अवस्थामा खेर जाने सम्भावना वा यथार्थ पनि रहेको छ तर विद्युतको वितरणमा भने समस्या रहेको छ जसले गर्दा निरन्तर अघोषित लोडसेडिङ भइरहेको छ। विद्युत उपभोक्ताले विद्युतको खपत अझ गर्न चाहेका छन्। विद्युतको खपत बढाउन चाहेको यसबाट पनि देखिन्छ कि धेरैले यसकारण आफ्नो भान्छामा इन्डक्सन चुलो ल्याइरहेका छैनन् कि यसको प्रयोग गर्न थाल्दा छिनछिनमा लाइन कट्ने समस्या हुँदा भान्छामा बस्नेलाई पनि समस्या हुन्छ। हो, धेरैले यो कुरा राम्ररी बुझेका छन् कि खाना पकाउने ग्याँसभन्दा बिजुली स्वास्थ्यको दृष्टिकोणले पनि निकै राम्रो हो तर भरपर्दो लाइन नहुँदा धेरैले विद्युतीय चुलोको प्रयोगमा हिच्किचाउनु परेको छ। प्राधिकरणले यसमा समयमा नै विशेष ध्यान दिनु आवश्यक छ। यद्यपि नेपाल सरकारले बजेटमा चालू आर्थिक वर्षमा हरेक परिवारलाई इन्डक्सन चुलो उपलब्ध गराउने निकै सकारात्मक घोषणा गरेको छ। यसले व्यावहारिक रुप लिन पुग्यो भने हरेक परिवारमा विद्युतीय चुलो पुग्दछ र विद्युतको प्रयोग स्वतः बढ्दछ तथा खाना पकाउने ग्याँसको प्रयोग स्वतः कम भएर जान्छ।

आम शिक्षित जनसमुदायको दृष्टिमा वर्तमान परिवेशमा विद्युतको नियमितता नहुनुले सर्वसाधारण उपभोक्तामा केही निराशा छ। यही निराशा वा विद्युतको नियमित आपूर्तिमा अविश्वासको कारणले नै हुनुपर्छ सक्नेले इन्भर्टरको प्रयोग गरिरहेका छन्। एक जना रेडियो संचालक भन्दछन् : दिनको चार पाँच पल्ट लाइन गइरहने समस्याले गर्दा मेसिनमा निकै धेरै क्षति पुगेको छ। हो, यस प्रकारको अविश्वास वा अतिशयोक्तिपूर्ण विश्वास पनि देशको समृद्धिको सपनामा एउटा तगारो हो। पहिलेदेखि भनिँदै आएको छ कि नेपाल जलस्रोतमा धनी देश हो र जलस्रोतको उपयोग हुन सकेमा देश समृद्ध हुन सक्छ। अहिले जलस्रोतको उपयोग बढेको, पहिलेको भन्दा विद्युत उत्पादनमा निकै वृद्धि भएको तथा लोडसेडिङमुक्त देश घोषणा भइसकेको भए पनि भरपर्दो बिजुली हुन नसक्नु, छिनछिनमा लाइन जानाले विद्युतबाट चल्ने सामग्रीमा खराबी आइरहनुले प्राधिकरणले अझै सुधार गर्नुपर्ने अवस्था देखिन्छ। देश समृद्ध हुने अनेक बाटो यही ऊर्जाबाट खुल्ने भएकोले ऊर्जाप्रति नै भरपर्दो विश्वासको अवस्थाले देशलाई समृद्धिको बाटोमा डोऱ्याउने सपना देख्न सकिन्छ कि।

# प्रतिकिलोमिटर ७० पैसामा गुड्छ विद्युतीय सवारीसाधन, प्रयोग किन नगर्ने

**– रमेश लम्साल**

काठमाडौँदेखि महोत्तरीको बर्दीबाससम्मको कुल दूरी एक सय ९८ किलोमिटर छ। विपी राजमार्गको रूपमा स्थापित सो सडक मार्गमा चल्ने विद्युतीय सवारीले कुल रु तीन सय बराबरको बिजुली खपत गर्छ।

सोही राजमार्ग भएर चल्ने पेट्रोलियम पदार्थ प्रयोग गर्ने सवारीसाधनले रु चार हजार बराबरको इन्धन खपत गर्छ। यस आधारमा विद्युतीय सवारीसाधनको प्रतिकिलोमिटर लागत ६६ पैसा बराबर छ। पेट्रोलियम पदार्थको तुलनामा विद्युतीय सवारीसाधनको लागत कुन हदसम्म सस्तो छ भन्ने बुझ्न् यही उदाहरण काफी छ।

फुर्कोट, बर्दीबासलगायतका स्थानमा विद्युतीय सवारीसाधनका लागि चार्जिङ स्टेशनसमेत बनिसकेका छन्। नेपाल विद्युत् प्राधिकरणका अनुसार विद्युतीय कार चार्ज गर्दा औसतमा प्रतिकिलोमिटर ७० पैसा बराबरको खर्च लाग्छ। एसयूभी लागि ८० पैसा, माइक्रोबसका लागि ९० पैसा र ठूला बसले एक रुपैयाँ २० पैसा प्रतिकिलोमिटर बराबर खर्च लाग्छ।

प्राधिकरणका अनुसार मझौला भोल्टेज ३३ केभी क्षमतामा साँझ ५ बजेदेखि राति ११ बजेसम्म चार्ज गर्दा प्रतियुनिट आठ रुपैयाँ ४० पैसा खर्च लाग्छ। यस्तै राति ११ बजेदेखि बिहान ५ बजेसम्म चार्ज गर्दा चार रुपैयाँ ४५ पैसा खर्च लाग्छ। यस्तै, बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म चार्ज गर्दा छ रुपैयाँ ६० पैसा खर्च लाग्छ।

यस्तै मझौला भोल्टेज ११ केभी क्षमतामा क्षमतामा साँझ ५ बजेदेखि राति ११ बजेसम्म चार्ज गर्दा प्रतियुनिट आठ रुपैयाँ ६० पैसा, राति ११ बजेदेखि बिहान ५ बजेसम्म चार्ज गर्दा पाँच रुपैयाँ पाँच पैसा र बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म चार्ज गर्दा छ रुपैयाँ ७० पैसा खर्च लाग्छ। यस्तै तल्लो भोल्टेज दुई सय ३० देखि चार सय भोल्टमा पनि आठ रुपैयाँ ७० पैसादेखि छ रुपैयाँ ९० पैसासम्म खर्च लाग्छ।

### प्राधिकरणले सञ्चालनमा ल्यायो चार्जिङ स्टेशन

पछिल्लो समयमा विद्युतीय सवारीसाधनप्रतिको चासो बढ्दै गएको र उपभोक्तासमेत त्यसमा आकर्षित भइरहेको बेला प्राधिकरणले चार्जिङ स्टेशन निर्माणलाई महत्वका साथ अगाडि बढाएको छ। सोही क्रममा आज मात्रै प्राधिकरण परिसर रत्नपार्कमा चार्जिङ स्टेशन सञ्चालनमा ल्याइयो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो चार्जिङ स्टेशनको उद्घाटन गर्नुभयो। रुस र युक्रेनबीचको विवाद बढ्दै जाँदा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य आकासियो। त्यसको प्रत्यक्ष असर नेपाली अर्थतन्त्रमा समेत पर्न गयो।

हाल नेपाल आयल निगमले बिक्री पर्ने पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ८० छ। यस आधारमा पेट्रोलियम सवारीसाधनको प्रतिकिलोमिटर लागत रु २० बराबर पर्न जान्छ। तर विद्युतीय सवारीसाधनको प्रतिकिलोमिटर लागत पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनको तुलनामा असाध्यै न्यून छ।

### क्रान्तिकारी सुरुआत भयोः मन्त्री भुसाल


यही तथ्यलाई आत्मसात् गर्दै स्वदेशी बिजुलीको खपत बढाउनका लागि चार्जिङ स्टेशन निर्माणको कामलाई रणनीतिकरूपमा अगाडि बढाइएको ऊर्जामन्त्री भुसालको भनाइ छ।

उहाँले कुनै बेला चर्को लोडसेडिङ भोगेका नेपालीका लागि चार्जिङ स्टेशन र इन्डक्सन चुल्होको प्रयोग गर्ने अवस्थामा पुग्नुलाई 'क्रान्तिकारी कदम' को सङ्ज्ञा दिनुभयो। उहाँले भन्नुभयो, "हिजो हामी चरम लोडसेडिङमा थियौं। बिजुलीको एक झल्को पाउनु पनि हाम्रा लागि ठूलो कुरा थियो। आज हामी बिजुली बिक्री गरिरहेका छौं भने विद्युतीय सवारीसाधनसमेत चलाउने अवस्थामा पुगेका छौं। यो आफैँमा क्रान्तिकारी सुरुआत हो।"

उहाँले लोडसेडिङको अन्त्यदेखि बिजुली निर्यातको अवस्थासम्म पुग्नु आफैँमा महत्वपूर्ण उपलब्धि भएको भन्दै यसलाई थप विस्तार गर्दै लैजाने योजनामा मन्त्रालय रहेको बताउनुभयो। प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका मन्त्री भुसालले सरकारले विद्युतीय सवारीसाधन मात्रै खरिद गर्ने निर्णय गरेको र त्यसमा निजी क्षेत्रले समेत साथ र सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले पेट्रोलियम पदार्थको खरिदका लागि मात्रै वार्षिक रु तीन खर्ब बराबरको रकम विदेशिने गरेको भन्दै त्यसलाई रोक्न पनि विद्युतीय सवारीसाधनको उपयोग र स्वदेशी बिजुलीको खपत नै उत्तम विकल्प भएको बताउनुभयो।

हाल विद्युतीय सवारीसाधन खरिदका लागि नै छ महिनासम्म प्रतिक्षा गर्नुपर्ने अवस्था रहेको भन्दै उहाँले पछिल्ला दिनमा आकर्षण बढ्दै गएको यसबाट पनि पुष्टि हुने उल्लेख गर्नुभयो।



### दुई महिनाभित्रै सञ्चालनमा आउदै सबै चार्जिङ स्टेशन

प्राधिकरणले देशभरका ५१ स्थानमा चार्जिङ स्टेशन निर्माण गरिरहेको छ। आगामी दुई महिनाभित्र सबै चार्जिङ स्टेशन निर्माण सम्पन्न भई सञ्चालमना आउने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

उहाँले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग पनि प्राधिकरणले चार्जिङ स्टेशन निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भइसकेको जानकारी दिँदै सबै क्षेत्रको साथ र सहयोगमा वातावरणको संरक्षण तथा बिजुली खपत अभियानसमेत अगाडि बढ्ने बताउनुभयो।

देशको प्रमुख सहर तथा राजमार्गमा द्रुत सवारी चार्जिङ स्टेशनको स्थापना गरिनु आफैँमा सकारात्मक हस्तक्षेप भएको उहाँको भनाइ छ। प्राधिकरणले स्थापना गर्न लागेको चार्जिङ स्टेशनमा २६ वटा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार आदिको लागि चार्जर र २५ वटा साना ठूला कारका लागि चार्ज गर्न सकिने प्रणाली जडान हुनेछ। एउटा सवारीसाधन पूर्णरूपमा चार्ज हुनका लागि बढीमा डेढ घण्टासम्म लाग्ने कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो।

प्राधिकरणले चार्जिङका लागि आवश्यक प्रणालीको विकास गरिएको छ। त्यसमार्फत उपभोक्ताले अनलाइन बुकिङसमेत गर्न सक्नेछन्। चार्जको रकम भुक्तानीका लागि प्राधिरकणको मोबाइल एप प्रयोग गर्न सकिनेछ।

### डेढ घण्टामा पूर्ण चार्ज

प्राधिकरणले निर्माण गरिरहेको चार्जिङ स्टेशनको क्षमता ६० किलोवाट डिसी र २२ किलोवाट एसी रहेको छ। यद्यपि एक सय २० किलोवाट डिसीसम्म चार्ज गर्न सकिनेछ। नेपालमा उपलब्ध भएका सवारीसाधनमा रहेको व्याट्रीको क्षमताअनुसार कम्तीमा आधा घण्टादेखि डेढ घण्टासममा पूर्णरूपमा चार्ज हुनेछ।

चार्जिङ स्टेशन निर्माणका संलग्न थ्री गो कम्पनीका कार्यकारी अध्यक्ष राजन रायमाझीले प्रतिचार्जिङ स्टेशन रु ८० लाख लागत लागेको जानकारी दिनुभयो। प्राधिकरणले प्रतिचार्जिङ स्टेशन निर्माणका लागि रु एक करोड २० लाख बराबरको बोलपत्र गरेको भए पनि सो कम्पनीले रु ८० लाखमा ठेक्का पाएको हो। दिगो भनेरसमेत चिनिने सो कम्पनीले चीनको वाङव्याङ कम्पनीको स्टार चार्जर भित्र्याएको छ। कम्पनीले देशका अन्य आठ स्थानमा आफ्नै लगानीमा चार्जिङ स्टेशनसमेत निर्माण गरिसकेको छ।

प्राधिकरणको लगानी रहेको बल्खु, साझा यातायात, नक्साललगायतका स्थानमा चार्जिङ स्टेशन तयार भइसकेको छ। यसबाट पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दै जाने विश्वास आफूहरूले लिएको कार्यकारी अध्यक्ष रायमाझीले जानकारी दिनुभयो।

# प्रधानमन्त्री देउवासँग पत्रकार महासङ्घका पदाधिकारीको भेट



काठमाण्डु । नेपाल पत्रकार महासङ्घले प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल सकिनै लाग्दासमेत सञ्चारसम्बन्धी विभिन्न कानुनहरू टुङ्गोमा पुग्न नसकेकोप्रति प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर ध्यानाकर्षण गराएको छ ।

महासङ्घका पदाधिकारीले मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा उहाँलाई भेटेर मिडिया काउन्सिल विधेयकलगायत सञ्चारसम्बन्धी विभिन्न कानुन चालु अधिवेशनमा नै टुङ्गोमा पुऱ्याउनका लागि पहल गर्न आग्रह गरेको हो । भेटमा हाल मस्यौदाका रूपमा विचाराधीन सञ्चारसम्बन्धी ती कानुन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री हुनुपर्नेमा पनि महासङ्घले जोड दिएको छ ।

अहिले सञ्चारसम्बन्धी कानुन नहुँदा विद्युतीय कारोबार ऐनलगायतका विभिन्न कानुनहरू आकर्षित गरी पत्रकारलाई दुःख दिने काम गरिएको भन्दै महासङ्घले चिन्ता प्रकट गरेको छ। सो अवसरमा प्रधानमन्त्री देउवाले महासङ्घले उठाएका र राखेका मागहरूलाई सकारात्मकरूपमा लिई तत्काल टुङ्गोमा पुऱ्याउनका लागि पहल गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई टेलिफोनमार्फत निर्देशन दिनुभएको थियो ।

भेटमा महासङ्घका तर्फबाट अध्यक्ष विपुल पोखेल, वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव रोशन पुरी सहभागी हुनुहुन्थ्यो । महासङ्घले प्रतिनिधिसभा अवधि समाप्त हुनुअगावै सञ्चारसम्बन्धी कानुनका विषयलाई टुङ्गोमा पुऱ्याउन सभामुख अग्निप्रसाद सापकोटालाई पनि भेटेर ध्यानाकर्षण गराउने जनाएको छ ।रासस

# ‘महिलालाई आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा आवश्यक’

काठमाण्डु । परापूर्व कालदेखि आफूले वर्षभरी भोगेका पीडालाई गीतमार्फत बेदना पोख्ने तीज पर्व अहिले महिलालाई आत्मनिर्भर बनाउनेतर्फ केन्द्रित गर्नुपर्ने महिला नेतृहरूको धारणा छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भूसाललाई पहिला महिलालाई सहजरुपमा आफ्नो कुरा राख्ने अवस्था नभएकोले अब आर्थिकरुपले आत्मनिर्भर हुनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ भन्ने लागेको छ ।

“सुरुमा महिलालाई तीजका दिनमा मात्र बोल्ने अवस्था थियो, तर अहिले धेरै राजनीतिक परिर्वतन भएको छ, वर्षभरी नै महिलाको अधिकारको लागि आवाज उठाउन सकिन्छ”,उहाँले भन्नुभयो, “ महिलालाई आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा जरुरी छ ।” पछिल्लो समयमा महिलामाथि हिंसा, हत्या, बलात्कारजस्ता घट्ना बढ्दै गएकोप्रति उहाँलाई निकै चिन्ता लाग्छ । “महिलाको सामाजिक सुरक्षामा निकै चुनौति देखिएको छ”-मन्त्री भूसालले थप्नुभयो,“ तीजपर्वका अवसरमा यस्ता विकृतिको विषयमा देशभरका महिलाले आवाज उठाउन जरुरी छ, चेतनामूलक जागरणको अभियान चलाउन जरुरी छ ।”

दिदीवहिनी, साथीहरूबीच पुनःमिलन गर्ने, सम्बन्धको पुनःताजकीकरण गर्ने सांस्कृतिक पर्वका रुपमा तीजलाई मनाएर खर्चिलो, भट्किलो तरिकाले मनाउने प्रवृत्ति गलत भएको उहाँको भनाइ छ । “महिलाको विगतको आवाज अधिकार प्राप्तिका लागि थियो, अहिले मुलुक परिर्वतन भएको छ, अबको लडाइँ पूर्ण अधिकारको हुनुपर्छ,”-उहाँले महिलालाई आग्रह गर्दै भन्नुभयो, “तीजलाई धार्मिक भन्दा पनि सांस्कृतिक पर्वका रुपमा मनाउनुपर्छ, सामाजिक एकताको साझा धर्मका रुपमा मनाउनुपर्छ ।” उहाँले व्यक्तिगत रुपमा तीज नमनाउने भएपनि यो सामाजिक एकता, पारिवारिक एकताको रुपमा मनाउनुपर्छ भन्ने लाग्छ । “महिलालाई हरेक तरिकाले आत्मनिर्भर आर्थिकरुपमा सबल हुनुपर्ने जरुरी छ ।”

पहिला सानै उमेरमा बिवाह गर्ने, सासुको दमन शोषण थियो तर अहिले लोकतान्त्रिक गणतन्त्र आइसकेको हुनाले धेरै परिर्वतन भइसकेको उहाँको बुझाइ छ । “पहिलाजस्तो श्रीमान्को खुट्टाको पानी खाने चलन अहिले छैन, निराहार ब्रत बस्नुपर्छ भन्ने छैन”-उहाँले थप्नुभयो

***“तीज नेपाली पहिचानका लागि एकदम राम्रो पर्व हो, ब्रत पनि पानी खाएर बस्न मिल्छ भन्न थालियो, गलत संस्कार, संस्कृति र अभ्यासलाई छोड्दै गएको देखिन्छ”उहाँले थप्नुभयो, “पुराना गलत कुरालाई रुपान्तरण गर्दै राष्ट्रिय कायम गर्ने काम यो पर्वले गरेको छ ।”***

बनाउनका लागि प्रत्येक वर्ष फरक-फरक सन्दर्भमा मनाउँदा नि उपर्युक्त हुन्छ”- उहाँले थप्नुभयो, “अहिलेको जल्दोबल्दो विषय महिलाको सामाजिक सुरक्षाको विषय भएको छ, यो विषयलाई देश तथा विदेशमा रहेका सबै महिलाले एक भएर आवाज उठाउनुपर्छ जस्तो लाग्छ ।”

नेपाली कांग्रेसकी नेतृ डा डीला सङ्ग्रौलालाई राष्ट्रलाई बाँध्ने धार्मिक तथा सांस्कृतिक पर्व तीज हो भन्ने लाग्छ । “धार्मिकरुपमा हेर्दा प्रेम र सद्भावको पर्व हो”उहाँले भन्नुभयो,“अहिले प्रेम पतिपत्नीबीच छैन, सासुबुहारीबीच छैन, माया, प्रेमको प्रतीक हो तीज ।” सांस्कृतिक हिसाबले सबैलाई जोड्ने पर्व भएको उहाँलाई लाग्छ । “महिलालाई आत्मनिर्भर बनाउने, आर्थिक सशक्तीकरण गर्ने पर्वका रुपमा यसलाई मनाउनुपर्छ, अब महिला “महिलालाई आत्मनिर्भर बनाउनेतर्फ अब हाम्रो सोच हुनुपर्छ, महिला हिंसाको अन्त्यका लागि अभियान नै चलाउनुपर्छ ।”

नेकपा (एमाले) पोलिटब्युरो सदस्य सुजिता शाक्यलाई पनि पर्वका नाममा तडकभडक नगरी महिलाको आर्थिक, सांस्कृतिक तथा सामाजिक रुपान्तरणका लागि तीज पर्व मनाउनुपर्छ भन्ने लाग्छ । “पर्वका नाममा केही विकृति पनि थपिएको छ, खानपीन र गरगहनामा मात्र बढी ध्यान गएको जस्तो देखिन्छ” उहाँले भन्नुभयो,“ यो वर्षमा हुने खाने र हुँदा खानेबीच ठूलो विभेद् देखिएको छ, यस्तो भड्किलोपन हटाउनुपर्छ ।”

उहाँलाई तीज पर्व महिलाको आर्थिक, सांस्कृतिक र सामाजिक रुपान्तरणको विषयलाई जोड्नुपर्छ भन्ने लागेको छ । “आस्था छ त्यस्लाई मान्नुपर्छ, तर महङ्गीको समय छ, मनाउन खर्चिलो छ” नेतृ शाक्यले थप्नुभयो,“अनुउत्पादक काममा खर्च गर्नु राम्रो होइन, महिलाको सशक्तीकरणजस्ता रचनात्मक काममा पर्व मनाउनु, सबैले मिलेर विकृति विसङ्गति हटाउँदै पर्व मनाउ ।” नेकपा (एकीकृत समाजवादी) का सचिव रामकुमारी झाक्रीले राष्ट्रिय एकताको पर्वका रुपमा तीजलाई लिनुभएको छ हो । “नेपाली पहिचानको चाडपर्व हो, पहिलाको तीज र अहिलेको तीजमा धेरै रुपान्तरण भएको छ”पूर्वमन्त्रीसमेत रहनुभएकी झाक्रीले भन्नुभयो,“तीज पर्व असाध्यै धेरै महत्व दिएर मनाउने चलन छ, देश/विदेश र अन्य धर्मसम्प्रदायका मानिसले पनि मनाउने गरेका छन्, त्यो राम्रो पक्ष हो ।” नेपालीको संस्कृतिक पर्वलाई विश्वव्यापीरुपमा मनाउन थालेको र नेपाली संस्कृति विश्वमा प्रसारण भएकोप्रति खुशी लागेको छ ।

“तीज नेपाली पहिचानका लागि एकदम राम्रो पर्व हो, ब्रत पनि पानी खाएर बस्न मिल्छ भन्न थालियो, गलत संस्कार, संस्कृति र अभ्यासलाई छोड्दै गएको देखिन्छ”उहाँले थप्नुभयो,“पुराना गलत कुरालाई रुपान्तरण गर्दै राष्ट्रिय कायम गर्ने काम यो पर्वले गरेको छ ।”

यो पर्वमा अवसरमा आर्थिक चलायमान हुँदा राज्यलाई कर जुट्न र राष्ट्रिय एकता कायम गर्ने पर्वको पर्व हो भन्ने नेतृ झाक्रीलाई लाग्छ । महिला नेतृहरूले विगतको समयमा धेरे राजनीतिक परिर्वतन भएर आएको हुनाले तीज पर्वलाई परम्परागतरुपमा मनाउन भन्दा पनि महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउनेतर्फ केन्द्रिन गर्नुपर्ने जोड छ ।रासस

# ‘तीजको मौलिकता कायम राख्न आवश्यक छ’



कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले हरितालिका तीजको मौलिकता कायम राख्दै भड्किलोपन एवं खर्चिलोपनलाई हटाउँदै जानु अति आवश्यक रहेको बताउनुभएको छ । तीजको अवसरमा मंगलवार शुभकामना सन्देश जारी गर्दै उहाँले भड्किलोपन हटाउन सके पर्वको सांस्कृतिक महत्वको जगेर्ना हुने विश्वास व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री शाहीले तीज पर्वले समाजमा विद्यमान लैंगिक, जातिय विभेदलगायत सबै प्रकारका असमानताहरूको अन्त्य गर्दै समतामूलक समाज निर्माणमा अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभएको छ ।

सन्देशमा भनिएको छ, “तीजले समाजलाई भावनात्मक एकताको सूत्रमा बाँध्न मद्दत गरेको छ, यसको आफ्नै मौलिकता छन्, चेली-माइती, साथी-सङ्गी, परिवार एवं आफन्तजनबीचको सम्बन्धलाई प्रगाढ बनाएको छ ।”

साथै मुख्यमन्त्रीले यस्ता धार्मिक/सांस्कृतिक पर्वले नेपालीहरूको बीचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भावकायम गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ ।

खासगरी हिन्दु महिलाहरूले भाद्र शुक्ल तृतीयाका दिन मनाउने यो पर्वमा भगवान शिवको आराधाना गर्दै शौभाग्य, दीर्घायू र पारिवारिक सुखको कामनासहित उपवास बस्नाले मनोकामना पूरा हुने जनविश्वास रहिआएको छ ।रासस

# ‘तीज पर्व सिर्जनशील र उल्लासमय रहोस्’



काठमाण्डु । उपराष्ट्रपति नन्दबहादुर पुनले नेपाली हिन्दू महिलाहरूको महान् पर्व हरितालिका तीज-२०७९ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ ।

तीजका अवसरमा आज शुभकामना दिँदै उहाँले तीज पर्व सिर्जनशील र उल्लासमय रहोस् भनी कामना गर्नुभएको छ । हरितालिका तीजले नेपाली महिलाहरूमा आपसी सद्भाव, सहिष्णुता र भाइचाराको अभिवृद्धि गर्ने उहाँको विश्वास छ । उपराष्ट्रपतिले आफ्नो स्वास्थ्यलाई ध्यान दिएर तीज पर्व मान्न सम्पूर्ण दिदीबहिनीलाई आग्रह गर्नुभएको छ ।

चाड पर्वहरूले सामाजिक सद्भावलाई सुदृढ् र राष्ट्रिय एकतालाई मजबुत बनाउँदै आएको उल्लेख गर्दै उहाँले नेपालका धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू कतिपय परम्पराबाट माथि उठेर मनाउन आवश्यक रहेको बताउनुभएको छ ।रासस

# तीज पर्वले विभेद हटाउन मद्दत गर्छ : सभामुख सापकोटा

काठमाण्डु । सभामुख अग्निप्रसाद सापकोटाले हरितालिका तीजले सामूहिकरुपमा आवाज बुलन्द गर्ने, सामाजिक सद्भाव, पारिवारिक एकता मजबुत बनाउँदै विद्यमान व्यावहारिक विभेद हटाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

हरितालिका तीज-२०७९ का अवसरमा आज शुभकामना दिँदै उहाँले तीजमा नेपाली महिलाले स्वतन्त्रता, सुरक्षा र सम्मानपूर्वक जीवनयापनका लागि वातावरण बनाउने विषयमा सघन बहस गर्ने अपेक्षा गर्नुभएको छ ।

उहाँले तीज पर्वलाई आफ्ना विषय अभिव्यक्त गर्ने महत्वपूर्ण अवसर बनाउनेतर्फ ध्यान दिन सबैमा आग्रह गर्नुएको छ ।

विज्ञानको क्षेत्रमा भएका नयाँनयाँ आविस्कार, आधुनिक शिक्षा तथा सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकासका कारण मानव समुदायले जीवन जिउने तौरतरिका पनि परिवर्तन गर्दै लगेको उल्लेख गर्दै सभामुख सापकोटाले विज्ञान र समाज विकासको नियमलाई आत्मसात गर्दै पर्व मनाउन आग्रह गर्नुभएको छ ।रासस

# तीजले एकतावद्ध भएर अघि बढ्न महिलालाई प्रेरणा : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले हरितालिका (तीज) पर्वले सहिष्णुता र पारिवारिक एकतालाई अभिवृद्धि गर्दै सामाजिक विकृति अन्त्यका लागि एकतावद्ध भएर अघि बढ्न नेपाली महिलालाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

मंगलबार तीज र गौरा पर्वको अवसरमा शुभकामना सन्देश दिँदै उहाँले तीजलाई महिलाले आफ्नो पीडालाई अभिव्यक्त गर्ने पर्वका रूपमा लिने गरेको उल्लेख गर्नुभयो । समाजका सबै तप्काले सामाजिक न्याय, समानता र सुरक्षा हासिल गर्न पार्टीले अघि सारेका सामाजिक परिवर्तन, विकास, सुशासन स्वच्छता र पारदर्शिताको आन्दोलनलाई सफल बनाउन महिला दिदीबहिनीको बलियो साथ रहने उहाँले विश्वास व्यक्त गर्नुभएको छ ।

“समाजका सबै तप्काले सामाजिक न्याय, समानता र सुरक्षा हासिल गर्न एमालेले निर्धारण गरेको समृद्ध नेपाल र सुखी नेपालीको गन्तव्यमा मुलुकलाई पुऱ्याउन आवश्यक छ”, अध्यक्ष ओलीको सन्देशमा उल्लेख छ, “हामी स्पष्ट नीति र कार्यक्रमलाई कार्यान्वयन गर्न क्षेत्रगत कार्ययोजना तथा आवधिक लक्ष्यसहित अघि बढिरहेका छौं ।”रासस

# छ सय ६३ अस्थायी दरबन्दी स्वीकृत गर्ने सरकारको निर्णय




काठमाण्डु । सरकारले विभिन्न मन्त्रालय मातहतका आयोजना तथा कार्यक्रमका लागि विभिन्न पदका छ सय ६३ अस्थायी दरबन्दी स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को यही भदौ १३ गते बसेको बैठकले आर्थिक वर्ष २०७९/८० का लागि मन्त्रालयअन्तर्गतका आयोजना, परियोजना, कार्यक्रम र समितिमा आवश्यक राजपत्राङ्कित श्रेणी वा सोसरहका विभिन्न अस्थायी दरबन्दी स्वीकृत गरेको हो ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विभिन्न मन्त्रालय मातहतका आयोजनाका लागि विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका पदका अस्थायी दरबन्दी स्वीकृत गरिएको जानकारी दिनुभयो । सोसम्बन्धी निर्णय नयाँ नियुक्ति गर्नका लागि नभएर स्थायी कर्मचारीबाटै व्यवस्थापन गर्ने प्रयोजनका लागि पद सिर्जना गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, ‟आयोजना, कार्यक्रम अस्थायी प्रकृतिका हुने भएकाले स्थायी दरबन्दी सिर्जना गर्दा आयोजना कार्यक्रमको समापप्तिपछि यसरी दरबन्दी सिर्जना भएका पदमा नियुक्त कर्मचारीका व्यवस्थापनमा जटिलता आउने र थप आर्थिक दायित्वसमेत बढ्ने भएकाले स्थायी कार्यरत कर्मचारीबाट खटाउने उद्देश्यले आवश्यकताअनुसार दरबन्दी सिर्जना गरिएको हो । विगतका वर्षमा समेत यस्तो अभ्यास रहेको छ ।’

ऊर्जा, जलस्रोत तथा सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपक्षी विकास, वन तथा वातावरण र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगअन्तर्गतका आयोजना कार्यक्रमका लागि अस्थायी दरबन्दी स्वीकृत गरिएको हो ।

मन्त्रिपरिषद् बैठकले ऊर्जा मन्त्रालयकाआयोजना/कार्यक्रमको निम्ति विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका राजपत्राङ्कित अधिकृत तहका चार सय ३१ तथा राजपत्राङ्कित स्तरका २८ र सातौँ तहका दुई गरी जम्मा ३० पद उद्योग मन्त्रालयअन्तर्गतका आयोजनाका लागि स्थायी दरबन्दी स्वीकृत भएको छ । कृषि मन्त्रालयअन्तर्गत सञ्चालिन विभन्नि आयोजनाका लागि कुल ५० राजपत्राङ्कित पदको अस्थायी दरबन्दी स्वीकृत गरिएको छ । वन मन्त्रालयअन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमका लागि राजपत्राङ्कित श्रेणीको ४७ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरिएको सञ्चारमन्त्री कार्कीले जानकारी दिनुभयो ।

बैठकले चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका आयोजना, परियोजना, कार्यक्रम र समितिका लागि राजपत्राङ्कित श्रेणी वा सो सरहका कूल एक सय पाँच अस्थायी दरबन्दी स्वीकृत गरेको छ । मन्त्रिपरिषद् बैठकले विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट डिजिटल नेपाल एक्सलरेसन परियोजनाको लागि एक सय ४० मिलियन अमेरिकी डलर (करिब रु १७ अर्ब ) सहुलियतपूर्ण ऋण स्वीकार्ने निर्णय गरेको छ ।

बैठकले यही भदौ २४ देखि २६ सम्म भुटानमा आयोजना हुने इसिमोडको ५३औं बोर्ड अफ गभर्नरको बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेललाई स्वीकृति प्रदान गरेको छ । भदौ २० देखि २४ सम्म भुटानको पारोमा आयोजना हुने विश्व स्वाथ्य सङ्गठनको ७५ औं क्षेत्रिय समितिको बैठकमा भाग लिनका लीग स्वास्थ्य तथा जनस्ट्या राज्यमन्त्री हिराचन्द्र केसी, सचिव डा रोशन पोखरेल, प्रमुख विशेषज्ञ डा सङ्गीता कौशल मिश्रलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

यस्तै आगामी असोज ४ र ५ गते मुस्ताङमा हुने अन्तर्राष्ट्रिय पर्वतीय दिगो विकास वर्ष ‘मुस्ताङ समिट’ मा विभिन्न ४ मुलुकका मन्त्रीलाई आमन्त्रण गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । असोज १० देखि १४ गतेसम्म अमेरिकामा सञ्चालन हुने दि ग्लोबल मिथेन, क्लाइमेट एन्ड क्लिन एयर फोरममा भाग लिन वन तथा वातावरणमन्त्रीलाई स्वीकृति दिने निर्णय गरिएको छ ।

जिटुजी प्रावधानअन्तर्गत भारत सरकारसँग हस्ताक्षर भएको समझदारीपत्रमा भएको व्यवस्थाबमोजिम मल खरिद गर्न समझदारीपत्रको बाँकी अवधिको लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई तोक्ने बैठकले निर्णय गरेको छ । जिल्लासभा प्युठानको नाममा रहेको साविक बरौला- ८ स्थित १० रोपनी जग्गा ऐरावती गाउँपालिका प्युठानको नाममा हक हस्तान्तरणको लागि स्वीकृति दिने निर्णय गरिएको छ ।रासस


**श्री धर्मसंस्था व्याहुत कलवार चौरासी**
**ब्याहुत सेवा समिति (कलवार कुट्टी)**
**जनकपुरधाम-४, धनुषा(नेपाल)**

**निर्वाचन समिति २०७९ को निर्वाचन सम्बन्धी सूचना**

**आदरणीय सदस्य महानुभावहरु,**

व्याहुत सेवा समिति कलवार कुट्टीको कार्य समितिको निर्वाचन सम्बन्धी कार्यक्रम तपसिल बमोजिम हुने भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**२०७९ भाद्र १६ गते बिहिवार** : निर्वाचन नियमावली प्रकाशन
**२०७९ भाद्र १७ गते शुक्रवार** : मतदाता नामावली प्रकाशन बिहान १ बजे
**२०७९ भाद्र १९ गते आईतबार** : मतदाता नामावली माथि दावी विरोध तथा नाम सच्याउने विहान ११ बजे देखि ३ बजे सम्म
**२०७९ भाद्र २० गते सोमबार** : अन्तिम मतदाता नामावली प्रकाशन बिहान १० बजे
**२०७९ भाद्र २१ गते मंगलबार** :
२०७९/५/२१ गते उम्मेदवारको मनोनयन पत्र वितरण : विहान १० बजे देखि १ बजे सम्म
**२०७९ भाद्र २२ गते बुधबार**:
२०७९।५।२२ गते मनोनयन पत्र दाखिला : विहान १० बजे देखि १ बजे सम्म
२०७९।५।२२ गते उम्मेदवारहरुको नामावली प्रकाशन : दिउँसो २:३० बजे
२०७९।५।२२ गते उम्मेदवार माथिको दावी विरोध : दिउँसो २:३० बजे देखि ५:०० बजे सम्म
**२०७९ भाद्र २३ गते बिहिबार**
१) मनोनयन पत्र फिर्ता : विहान १० बजे देखि १२ बजे सम्म
२) उम्मेदवारको अन्तिम नामावली प्रकाशन : दिउँसो २:०० बजे
**२०७९ भाद्र २५ गते शनिवार**
१) मतदान बिहान ८ बजे देखि ४:०० बजे सम्म
२) मतगणना साँझ ८:०० बजे देखि
३) मतगणना परिणाम घोषणा

**नोट** :
१) निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम व्याहुत सेवा समितिको कार्यालय परिसरमा हुनेछ ।
२) निर्वाचन सम्बन्धी सम्पूर्ण जानकारी व्याहुत सेवा समितिको सूचना पाटीमा टाँस गरिनेछ ।
३) मतदाता परिचय पत्रको लागि फोटो नदिनु भएका आजिवन तथा सधारण सदस्य ज्यूहरुमा अनुरोध छ कृप्या २०७९ भाद्र २० गते भित्र आ-आफ्नो २ प्रती फोटो संस्थाको सचिवालयमा समयमै उपलब्ध गराई दिनु अनुरोध छ ।

**जितेन्द्र प्रसाद साह**
**निर्वाचन संयोजक**

# साठी लाख अफगानी भोकमरीको जोखिममा



**एपी**

संयुक्त राष्ट्रसङ्घ । अफगान सङ्कट गहिरिँदै जाँदा त्यहाँका ६० लाख नागरिक भोकमरीको जोखिममा रहेका छन् । चरम गरिबी झेलिरहेका अफगानिस्तानका नागरिकलाई तत्काल आर्थिक सहयोग नगरे उनीहरू भोकमरीको जोखिममा पर्ने चेतावनी संयुक्त राष्ट्रसङ्घले दिएको हो ।

मानवीय सहायतासम्बन्धी राष्ट्रसङ्घका प्रमुखले अन्तर्राष्ट्रिय समुदाय तथा दातृ निकायहरूलाई अफगानिस्तानको आर्थिक विकासका लागि कोष पुनःस्थापना गर्न तथा आगामी शिशिर याम अगावै त्यहाँका अतिविपन्न वर्गलाई सहयोग गर्न तत्काल ७७ करोड डलर आवश्यक भएको जानकारी दिँदै सहायताका निम्ति अपील गरेका छन् ।

सुरक्षा परिषद्को सोमबारको बैठकमा सहायता रकम चीन वा रूस कसले व्यहोर्ने भन्नेबारेमा बहस पनि भएको छ । बैठकमा अमेरिकाले उक्त सहायता राशि कसले तिर्ने भन्ने प्रश्न गरेको थियो। मानवीय सहायतासम्बन्धी राष्ट्रसङ्घका प्रमुख मार्टिन ग्रिफिथले अहिले अफगानिस्तानले मानवीय, आर्थिक, जलवायु, भोकमरी र वित्तीय धेरै सङ्कटहरूको सामना गरिरहेको बताउँदै द्वन्द्व, गरिबी, खाद्य असुरक्षालागयत अफगानिस्तानमा लामो समयदेखि दुःखद वास्तविकताबाट कोही अनभिज्ञ नरहेको स्मरण गराए । एक वर्षअघि तालिबानले सत्ता कब्जा गरेपछि उल्लेख्यरूपमा बाह्य विकास सहायता नआएपछि त्यहाँको अवस्था नाजुक बनेको वास्तविकता उनले सुनाए ।

अफगानिस्तानको आधाभन्दा बढी जनसङ्ख्या अर्थात् दुई करोड ४० लाख जनालाई सहयोग आवश्यक भएको तथा करिब एक करोड ९० करोड सर्वसाधारण चरम खाद्य असुरक्षाको सामना गरिरहेका बताउँदै उनले परिस्थिति अझ भयावह हुने तथा पहिलेदेखि नै बढेको इन्धन र खाद्यान्नको मूल्य कठ्याङ्ग्रिने चिसोले आकाशमा पुग्ने यथार्थ अवगत गराए ।

अनेक चुनौतीको सामना गर्दै राष्ट्रसङ्घीय निकाय तथा सम्बद्ध गैरसरकारी संस्थाहरू दुई करोड ३० लाख अफगानीहरूको सेवामा जुटेका जानकारी दिए । उनले ओढ्ने, न्याना कपडा, आवास मर्मतसम्भारका लागि तत्काल ६१ करोड ४० लाख डलर तथा खाद्यान्न तथा अन्य दैनिक उपभोग्य वस्तुको आपूर्तिका निम्ति १५ करोड ४० लाख अमेरिकी डलर आवश्यक भएको बताए ।

मानवीय सहायता प्रमुख ग्रिफिथले मानवीय सहायताले देश भरका चार करोड नागरिकलाई पुऱ्याउन नसकिने उल्लेख गर्दै तालिबानसँग लगानी गर्ने बजेट नभएको परिस्थितिमा विकास सहायता जुटाउन अपरिहार्य भएकामा जोड दिए । सत्तरी प्रतिशतभन्दा बढी अफगानहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएकाले कृषि र पशुधन उत्पादनलाई सुरक्षित गर्नु उत्तिकै महत्वपूर्ण भएको बताए । लाखौँको जीवन र जीविकोपार्जनलाई जोखिमबाट जोगाउन तथा देशको खाद्यान्न उत्पादनलाई निरन्तरता दिन पनि बाह्य सहायता अत्यावश्यक भएको स्पष्ट गरे । उनले मुलुकको बैङकिङ तथा तरलता सङ्कट र अन्तर्राष्ट्रिय वित्तीय कारोबारको चरम कठिनाइलाई पनि सम्बोधन गर्नुपर्ने बताए ।

अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्तीको पहिलो वार्षिकोत्सवको पूर्वसन्ध्यामा रूसले संयुक्त सुरक्षा परिषद्को बैठक बोलाएको थियो । बैठकमा राजदूत भासिली नेबेन्जियाले संयुक्त राज्य अमेरिका र उसका नाटो सहयोगीका अफगानिस्तानका अपमानजनक २० वर्षको कडा आलोचना गरेका थिए ।

अफगानिस्तानको समस्या तालिबान नभएर पश्चिममा मुलुकको गम्भीर गल्ती भएको टिप्पणी उनले गरे । आफ्ना गल्तीहरू स्वीकार गर्नु र ध्वस्त देशको पुनर्निर्माणमा सहयोग गर्नुको सट्टा उनीहरूले अफगानिस्तानका वित्तीय स्रोतहरू अवरुद्ध गरेकामा आपत्ति जनाए ।

# एक सय ५८ खेलाडी छानियो

खोटाङ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खोटाङबाट एक सय ५८ खेलाडी छनोट भएका छन् । प्रदेशस्तरीय प्रतियोगितामा १४ खेलका लागि ती खेलाडी र व्यवस्थापन तथा अफिसियल ३० गरी एक सय ८८ जनाको सहभागिता रहने जिल्ला खेलकुद विकास समिति खोटाङका प्रमुख लीलाभक्त केसीले जानकारी दिनुभयो ।

प्रमुख केसीका अनुसार भलिबलमा १८, एथ्लेटिक्समा २२, बुद्धिचालमा चार, तेक्वान्दोमा २२, सितोरियो कराँतेमा २९, टेबलटेनिसमा चार, फुटबलमा ३२, ब्याडमिन्टनमा सात, भारोत्तलनमा दुई, उसुमा १० खेलाडी छनोट भएका छन् । यस्तै बक्सिङमा तीन, पौडीमा दुई, शारीरिक सुगठनमा एक र सफ्ट टेनिसमा दुई खेलाडीले प्रदेशस्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने प्रमुख केसीले बताउनभयो ।

आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा दश विधाका खेलाडीले सहभागी जनाएको खोटाङमा यो वर्ष सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा चार खेल थपिएको छ ।

शारीकि सुगठन, पौडी, भारोत्तलन र सफ्ट टेनिस थपिएको हो । यो वर्ष जिल्लाबाट नयाँ खेलसँगै पहिले सहभागी गराइएको खेलमा पनि खेलाडीको सङ्ख्या बढाइएको छ । अघिल्लो वर्ष एथलेटिक्समा आठ जनाको सहभागिता जिल्लाबाट भएकोमा यो वर्ष २२ खेलाडीले सहभागिता जनाउनेछन् ।

जिल्लाबाट छनोट भएका खेलाडीहरूले अब प्रदेशस्तरीय छनोट प्रतियोगितामा भाग लिनेछन् । प्रदेशस्तरीय छनोट प्रतियोगिता कुन-कुन जिल्लामा हुने भन्ने अहिलेसम्म टुङ्गो लागिसकेको छैन । यद्यपि, आगामी भदौ-१६ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने प्रदेशस्तरीय प्रतियोगिता बिराटनगर, धरान, इटहरी लगायत ठाउँहरूमा सञ्चालन हुने जनाइएको छ । सितोरियो कराँते खेलको प्रदेशस्तरीय प्रतियोगिता भने खोटाङमै हुने जनाइएको छ ।

दिक्तेलस्थित खोटाङ बहुउद्देश्यी कभर्डहलमा सञ्चालन हुने प्रदेशस्तरीय प्रतियोगिताका लागि जिल्लामा तयारी तीव्र पारिएको सितोरियो कराँते सङ्घ खोटाङले जनाएको छ । सितोरियो कराँते खेलको प्रदेशस्तरीय प्रतियोगिता खोटाङमा सञ्चालन हुने भएपछि जिल्लाबासी उत्साहित भएका छन् ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ गतेदेखि कातिक ३ गतेसम्म पोखरामा सञ्चालन हुने आयोजकले जनाएको छ । खेलाडी छनोटका लागि प्रदेश सरकारले उपलब्ध गराएको रकम कम हुँदा जिल्लामा व्यवस्थापन गर्न समस्या भएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।रासस

# शिया धर्मगुरुको राजीनामा घोषणापछि झडप, बीस जनाको मृत्यु

**एपी**

बगदाद । इराकका एकजना प्रभावशाली शिया धर्मगुरुले राजनीतिबाट राजीनामा दिने घोषणा गरेपछि उनका सयौँ क्रुद्ध अनुयायी र सुरक्षा बलबीच सोमबार भएको झडपमा २० जना प्रदर्शनकारीको मृत्यु भएको छ । दोहोरो झडपमा दर्जनौँ प्रदर्शनकारी घाइते भएका छन् ।

धर्मगुरु मुक्तादा अल-सद्रप्रति वफादार प्रदर्शनकारीहरूले सरकारी भवनबाहिर तोडफोडसहित हिंसात्मक प्रदर्शन गरेपछि इराकको सेनाले राष्ट्रव्यापी निषेधाज्ञा जारी गरेको छ । यद्यपि हिंसात्मक गतिविधि रोकिएका छैनन् ।

यसैबीच, युरोपेली सङ्घले इराकमा भइरहेको हिंसात्मक प्रदर्शनप्रति चिन्ता व्यक्त गरेको छ । सङ्घले सबै पक्षलाई संयमित रहन र हिंसात्मक गतिविधि रोक्न सम्बद्ध पक्षसँग अपनाउन आग्रह गरेको छ । उसले इराकका सबै राजनीतिक शक्तिलाई संवैधानिक ढाँचा भित्र रचनात्मक राजनीतिक संवादको माध्यमबाट समस्या समाधान गर्न आह्वान पनि गरेको छ ।

कुर्दिश राजनीतिज्ञ मसुद बरजानीले पनि दलहरूलाई द्वन्द्व समाधानका निम्ति हतियार र हिंसाको भाषा प्रयोग नगर्न तथा संयमित हुन आग्रह गरेका छन् । उत्तरी इराकको अर्ध-स्वायत्त कुर्दिश क्षेत्रका पूर्व राष्ट्रपति र शासक कुर्दिस्तान डेमोक्र्याटिक पार्टीका प्रमुख बरजानीले सबै पक्षलाई इराकी जनताको भलाइ हुने समाधानबारे सोच्न तथा उनीहरूको हित ख्याल गर्न अनुरोध गरेका छन् । छिमेकी देश टर्कीले आफ्ना नागरिकलाई बगदादको भ्रमण नगर्न आग्रह गरेको छ ।

अङ्काराले इराकमा जारी सङ्कट समाधान गर्न समावेशी वार्ताका लागि आह्वान गरेको छ । इराकमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गर्दै टर्कीको विदेश मन्त्रालयले वर्तमान राजनीतिक द्वन्द्व शान्तिपूर्ण र समावेशी वार्ताका माध्यमबाटै समाधान हुने तथा इराकी जनताको शान्ति एवम् भलाई सुनिश्चित हुने बताएको छ ।

त्यसैगरी, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि सम्बन्धित सबैलाई हिंसात्मक गतिविधि परित्याग गर्न तथा मतभेद बिर्सेर वार्तामा बस्न आह्वान गर्नुभएको छ ।

# मंकीपक्स संक्रमण घट्ने संकेत

**एएफपी**

कोपेनहेगन । विश्व स्वास्थ्य सङ्गठनले युरोपमा मङ्कीपक्स सङ्क्रमणको घटना घट्दोक्रमा रहेको र “सही दिशामा“ अघि बढिरहेको भन्दै यसले नियन्त्रणका निम्ति “उत्साहजनक“ सङ्केतहरू देखिएको जनाएको छ।

“फ्रान्स, जर्मनी, पोर्चुगल, स्पेन, बेलायत र अन्य देशहरूमा प्रकोप सुस्त हुनसक्ने प्रमाणका रूपमा प्रारम्भिक सङ्केतहरू देखिएका छन् जुन उत्साहजनक छन्,“ युरोपका लागि डब्ल्युएचओ क्षेत्रीय निर्देशक हान्स क्लुगेले पत्रकारहरूसँगको अन्तरक्रिया सो धारण राखेका छन् । “यो सही दिशामा गइरहेको छ,“ उनले थपे।

यद्यपि, “हाम्रो क्षेत्रमा उन्मूलन तर्फ अघि बढ्नको लागि हामीले तुरुन्तै हाम्रो प्रयासलाई दोब्बर बनाउनु पर्छ,“ उनले बताएका छन्। रुस र मध्य एशियाका देशहरू समेत गरी डब्ल्यूएचओ युरोप क्षेत्रका ५३ देशहरू मध्ये ४३ देशहरूमा २२,००० भन्दा बढी मङ्कीपोक्सका घटनाहरू दर्ता भएका छन् जुन विश्वभरका केसहरूको एक तिहाइ भन्दा बढी हो।

गत हप्ता डब्ल्युएचओले लगातार चार हप्ताको बृद्धि पछि विश्वव्यापी नयाँ केसहरूमा २१ प्रतिशत गिरावट आएको रिपोर्ट गर्यो ।

युरोपमा भाइरसको फैलावट नियन्त्रणका निम्ति डब्ल्यूएचओले देशहरूलाई निगरानी, लक्षित खोपहरू, सम्पर्क केसहरूको पहिचान र पुरुष समलिङ्गी समुदाय लगायतसँग नियन्त्रणका उपायहरू जारी राख्न आग्रह गरेको थियो।

क्लुगेले पोर्चुगलको उदाहरण उद्धृत गर्दै “पूर्ण खोप अभियानको अभावमा, व्यवहार परिवर्तन र समुदायहरूसँग संलग्नता मार्फत वृद्धिलाई रोक्न व्यवस्थित कार्ययोजना बनाउन आग्रह गरेका छन् ।

# राष्ट्रिय फुटबल टिमको बन्द प्रशिक्षणबाट १० खेलाडी बाहिर



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय फुटबल टिमका कार्यवाहक मुख्य प्रशिक्षक प्रदीप हुमागाईले मंगलबार राष्ट्रिय टिममा बोलाइएका खेलाडी संख्या घटाएका छन् । उनले राष्ट्रिय टिममा बोलाइएका ४० मध्ये १० खेलाडीलाई दोस्रो चरणमा स्थान दिएनन्।

डिफेन्डर देवेन्द्र तामाङ, छिरिङ गुरुङ, निशान खड्का, अमित तामाङ र गौतम श्रेष्ठ बाहिरिएका छन् । मिडफिल्डर पूजन उपरकोटी, राजन गुरुङ र सुवास गुरुङ टिममा अटाएका छैनन् भने फरवार्ड जर्ज प्रिन्स कार्की र आशिष चापागाईले पनि टिम छाड्ने भएका छन् । नेपालले सेप्टेम्बर २७ मा बंगलादेशसँग दशरथ रंगशालामा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दैछ ।

**नेपाली टिम**

**गोलकिपरः** किरणकुमार लिम्बू, बिकेश कुथु, विशाल श्रेष्ठ, दीप कार्की

डिफेन्डरः अनन्त तामाङ, रोहित चन्द, विकास तामाङ, विकास खवास, दिनेश राजवंशी, सुमन अर्याल, रञ्जित धिमाल

**मिडफिल्डरः** तेज तामाङ, सेसेहाङ आङ्देम्बे, विशाल राई, एरिक विष्ट, मनिष डाँगी, सुरज जिउ ठकुरी, सुनील बल, आयुष घलान, सुजल श्रेष्ठ, आभास लामिछाने, सुदीप गुरुङ, संजोग राई, अन्जन विष्ट

**फरवार्डः** विमल घर्ती मगर, ऋतिक खड्का, अभिषेक रिजाल, भरत खवास, आशिष चौधरी, नवयुग श्रेष्ठ ।

# विश्वविख्यात फुटबल खेलाडी पेलेको स्वास्थ्यमा सुधार

**एपी**

ब्राजिल । अर्बुद रोगबाट पीडित विश्वविख्यात फुटबल खेलाडी पेलेको स्वास्थ्यमा सुधार आएको छ । क्यान्सरविरुद्ध सङ्घर्षरत ८१ वर्षीय उहाँले आफ्नो स्वास्थ्य राम्रो रहेको बताउँदै प्रशंसकहरूलाई आश्वस्त पार्नुभएको छ ।

सामाजिक सञ्जालमा श्रीमती मार्सिया आओकीसँग मुस्कुराइरहेको तस्बिर सार्वजनिक गर्दै उहाँले सबैलाई धन्यवाद भन्नुभएको छ । आफ्ना समर्थक एवम् प्रशंसकहरूका स्नेहपूर्ण सन्देशका निम्ति आभार व्यक्त गर्दै उहाँले आफ्नो स्वास्थ्य राम्रो रहेको र त्यसप्रति आफूले ध्यान दिएको उहाँले सञ्जालमा उल्लेख गर्नुभएको छ ।

विश्वकप फुटबल प्रतियोगितामा ब्राजिललाई तीन पटक प्रथम स्थानमा पुऱ्याउन सफल गत वर्षदेखि अर्बुदरोगबाट पीडित हुनुहुन्छ । उहाँले शरीरबाट ट्युमर हटाएपछि साओ पाउलोको अस्पतालमा केमोथेरापि गराउनुभएको थियो । पिसाब नलीमा सङ्क्रमण देखिएपछि उहाँ दुई साताभन्दा बढी समय अस्पताल भर्ना हुनुभएको थियो ।

विश्वका उत्कृष्ट फुटबलर पेलेले आफ्नो जीवनको २१ वर्ष फुटबल खेलमा व्यतित गर्नुभएको थियो । एक हजार तीन सय ३६ वटा व्यावसायिक स्पर्धामा उहाँले एक हजार दुई सय ८१ गोल गरेर विश्व कीर्तिमान कायम गर्नुभएको थियो ।

# भारतका गौतम अडानी बने विश्वका तेस्रो धनी

**एएनआई**



नयाँदिल्ली । भारतको औद्योगिकघरानाअडानी समूहका अध्यक्ष गौतम अडानी विश्वका तेस्रो धनी व्यक्तिमा दरिएका छन् । फ्रान्सका बर्नार्ड अर्नाल्टलाई पछि पार्दै उनी विश्वको तेस्रो धनी व्यक्ति बनेका हुन् ।

विश्वव्यापीरूपमा व्यापार तथा वित्तीय विवरणको विश्लेषण गर्ने अमेरिकी कम्पनी ब्लुमवर्गले सार्वजनिक गरेको अर्बपतिहरूको सूचीअनुसार ६० वर्षीय गौतम अडानीको कुल सम्पत्ति एक खर्ब ३७ अर्ब ४० करोड डलर छ । ब्लुमवर्गको अति धनाड्यको सूचीको ११ औं नम्बरमा भारतका मुकेश अम्बानी छन् उनको खुद सम्पत्ति ९१ अर्ब ९० करोड डलर छ ।

ब्लुमवर्गको धनाड्यको सूचीमा तीन जना एशियाली उद्योगपतिलाई समावेश गरिएको यो पहिलोपटक हो । अडानीभन्दा अगाडि एलन मस्क र जेफ बजोस छन् । एलन मस्कसँग दुई खर्ब ५१ अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति छ भने जेफ बजोस एक खर्ब ५३ अर्ब अमेरिकी डलर बराबरको कुल जायजेथा छ ।

# कोरियामा कोभिडबाट एकैदिन एकहत्तर जनाको मृत्यु

**सिन्ह्वा**

सोल । दक्षिण कोरिया, न्युजिल्याण्ड र मलेसियामा कोभिड-१९ सङ्क्रमणबाट ज्यान गुमाउनेहरूको सङ्ख्या अप्रत्यासित रूपमा बढेको छ । चिनियाँ समाचार समिति सिन्ह्वाका अनुसार सोमबार दक्षिण कोरियामा ७१, मलेसियामा आठ र न्युजिल्याण्डमा अनुसार ११ जनाको मृत्यु भएको छ।

न्युजिल्याण्डको स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएअनुसार अघिल्लो महिनाको तुलनामा नयाँ सङ्क्रमितको सङ्ख्या लगातार घटेको छ । एक महिनाअघि न्युजिल्याण्डमा दैनिकरूपमा १० हजारभन्दा बढी नयाँ सङ्क्रमित फेला परेका थिए । बिरामीहरूको देशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । यसैबीच, मलेसियामा सोमबार मध्यरातसम्मको विवरणअनुसार आठ जनाले कोभिड-१९ बाट ज्यान गुमाएका छन् । हालसम्म मलेसियामा ३६ हजार दुई सय छ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ ।

दक्षिण कोरियामा भने महामारी साम्य हुने लक्षण देखिएको छैन । सोमबार एकै दिन ७१ जनाको मृत्यु भएको छ । सोमबार मध्यरात सार्वजनिक गरिएको विवरणअनुसार देशमा एक लाख १५ हजार छ सय ३८ जना नयाँ सङ्क्रमित थपिएका छन् । हाल दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३१ लाख ४२ हजार चार सय ७९ पुगेको सरकारी अधिकारीहरूले बताएका छन् ।

# पाकिस्तान बाढी एक हजार एक सय छत्तीस जनाको ज्यान गयो



**एएनआई**

इस्लामावाद । पाकिस्तानका विभिन्न भागमा परेको अविरल वर्षासँगै भएका बाढीपहिराका घटनामा एक हजार एक सय ३६ जनाको मृत्यु भएको छ भने तीन करोड ३० लाखभन्दा बढी प्रभावित भएका छन् । हरेक सात जना पाकिस्तानी नागरिकमा एक जना बाढीपहिराबाट पीडित भएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार पाकिस्तानमा बितेका दुई महिनामा वर्षाजन्य दुर्घटनामा परेर हालसम्म एक हजार एक सय ३६ जनाको मृत्यु भएको छ भने एक हजार छ सय ३४ जना घाइते भएका छन् । पछिल्लो २४ घण्टामा २८ जनाको ज्यान गएको छ ।

बलुचिस्तान, गिलगिट बाल्टिस्तान, खैबर पख्तुनख्वा र सिन्ध प्रान्त बाढीपहिराबाट अति प्रभावित भएका छन् । बाढीपहिराले तीन हजार चार सय ५७ किलोमिटर सडक बगाएको, एक सय ५७ पुल भत्काएको, २० लाख एकडमा लगाएको बाली नष्ट भएको, एक सय ८० पसल बगाएको, नौ लाख ४९ हाजर आठ सय ५८ भन्दा घरमा क्षति भएको तथा सात लाखभन्दा बढी चौपाया मरेका छन् ।

हालसम्म ५१ हजार दुई सय ७५ जनालाई उद्धार गरिएको तछ्था चार लाख ९८ हजार चार सय ४२ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । देशमा आपत्काल घोषणा गरिएको छ ।

साथै सरकारले बाढीपहिरो प्रतिकार्यसमबन्धी कामलाई संस्थागतरूपमा सम्पादन गर्न समन्वय केन्द्र स्थापना गरेको छ । बाढीले निम्त्याएको भीषण परिस्थितिको सामना गर्न तथा क्षति भएका भौतिक संरचनालाई पुनः स्थापना गर्न भरमग्दुर प्रयास भइरहेको छ ।

# इयुद्वारा इराकमा भइरहेको हिंसात्मक प्रदर्शनप्रति चिन्ता व्यक्त

**एएनआई**

इराक । शिया धर्मगुरुले राजनीति छोड्ने घोषणा गरेपछि इराकमा जारी प्रदर्शनमा मुक्तादा अल-सद्रका समर्थक र सुरक्षाकर्मीबीच भएको झडपप्रति चिन्ता व्यक्त गर्दै युरोपेली संघले सबै पक्षलाई संयमित हुन आग्रह गरेको छ । इयुले “थप हिंसा रोक्न“ सबै पक्षलाई आग्रह गरेको हो ।

संघले विज्ञप्ति जारी गर्दै सबै पक्षहरूलाई “थप हिंसा रोक्न“ संयमता अपनाउन आग्रह गर्दै “राजनीतिक शक्तिहरूलाई संवैधानिक ढाँचाभित्र रहेर रचनात्मक राजनीतिक संवादको माध्यमबाट समस्या समाधान गर्न अनुरोध गरेको,“ अल जजीराले उल्लेख गरेको छ। मुक्तादा अल-सद्रले सोमबार राजनीति छोड्ने घोषणा गरेपछि उनका हजारौं अनुयायीहरूले इराकको राष्ट्रपति भवनमा आक्रमण गर्दा सुरक्षा बलहरूसँग झडप हुँदा २० जनाको मृत्यु भएको थियो । दिग्गज कुर्दिश राजनीतिज्ञ मसुद बरजानीले पनि संयमता अपनाउन आह्वान गर्दै राजनीतिक दलहरूलाई “द्वन्द्व समाधान गर्न हतियार र हिंसाको भाषा प्रयोग नगर्न“ आग्रह गरेका छन् ।

उत्तरी इराकको अर्ध-स्वायत्त कुर्द क्षेत्रका पूर्व राष्ट्रपति र शासक कुर्दिस्तान डेमोक्र्याटिक पार्टीका प्रमुख बारजानीले पनि सबै पक्षहरूलाई “इराकी जनताको हितमा ल्याउने समाधान बारे सोच्न र जनताको सामान्य हितलाई ध्यानमा राख्न“ आग्रह गरेका छन् ।

# मिनीबस-ट्रक ठोक्किदा इरानमा १६ जनाको मृत्यु

**सिन्ह्वा**

तेहरान । दक्षिणपश्चिम इरानमा मङ्गलबार बिहान मिनीबस र ट्रक ठोक्किदा कम्तीमा १६ जनाको मृत्यु हुनुका साथै अन्य आठ जना घाइते भएका छन् ।

दक्षिणपश्चिमी प्रान्त खुजेस्तानको गभमिशाबादबाट शुष्टर जाने बाटोमा ट्रकसँग मिनीबस ठोक्किएको शुष्टारका चिकित्सा विज्ञान विश्वविद्यालयका प्रमुख मोज्ताबा कलान्तरले बताएका छन् । उनले कामदारहरू सो मिनीबसमा सवार रहेको पुष्टि गरेका छन् । आपत्कालीन सेवा र एम्बुलेन्सको सहायताले घाइतेहरूलाई अस्पताल पुर्याइएको बताइएको छ ।

यसअघि खुजेस्तानको मेडिकल इमर्जेन्सी सेन्टरका जनसम्पर्क कार्यालयका निर्देशक आरेफ असल शरहानीले घाइतेहरूलाई अस्पताल लैजानका लागि हेलिकप्टर पनि पठाइएको बताए थिए । घटनाको कारणबारे प्रदेश प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# गौतमबुद्ध विमानस्थलबाट जजीरा र बीज एयरको उडान



काठमाण्डु । कुवेतको जजीरा एयरवेजले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट दैनिक उडान सञ्चालन गर्ने भएको छ ।

गौतमबुद्ध विमानस्थलबाट कुबेत गन्तव्यमा साताको तीन उडान गरिरहेको जजीराले आगामी भदौ ३१ (१६ सेप्टेम्बर) देखि दैनिक उडान गर्न लागेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले हाल सातामा तीन उडान गरिरहेको जजीराले सातै दिन उडान सञ्चालन गर्ने तयारी गरेको जानकारी दिनुभयो । एयरवेजले अहिले सोमबार, मङ्गलबार र शुक्रबार गरी सातामा तीन उडान गरिरहेको छ ।

यो गन्तव्यमा यात्रु अकुपेन्सी बढ्दो क्रममा रहेको र नजिकिएको यात्रु सङ्ख्या बढ्ने प्रक्षेपणसहित उडान सङ्ख्या थपिएको एयरवेजले जनाएको छ । कुवेती एयरलाइन्सले मध्यपूर्वका नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का र युरोपमा उडान सञ्चालन गर्दै आएको छ ।

जेठ २ गतेदेखि व्यवसायिकरूपमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा जजिरा एयरवेजले मात्र अन्तरराष्ट्रिय उडान गरिरहेको छ । थप एयरलाइन्सलेपनिभैरहवाबाटउडानसञ्चालनमा चासो देखाएको प्राधिकरणले जनाएको छ ।

**बीज एयरले उडान गर्दै**

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट बिज एयरवेजले पनि नियमित उडान सञ्चालन गर्ने तयारी गरेको छ । एयरवेजले आगामी कात्तिक १३ (अक्टोबर ३० तारिख)देखि भैरहवाबाट संयुक्त अरब इमिरेट्स (युएई)को आबुधावीमा उडान भर्ने प्राधिकरणका प्रवक्ता निरौलाले बताउनुभयो ।

हङ्गेरीबाट विश्वका विभिन्न देशमा उडान गरिरहेको उक्त एयरवेजले नेपालमा सातामा तीन दिन उडान गर्ने तयारी गरेको छ । जजीराले नियमित उडानका लागि आवश्यक प्रक्रिया पुरा गरिसकेको छ ।

योसँगै गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान भर्ने दुई एयरलाइन्स पुगेका छन् । जजीराले सुरुदेखि उडान गरिरहेको छ भने बीजले पनि छिट्टै उडान गर्ने जनाइएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रियतर्फ हाल तीन नेपालीसहित २६ एयरलाइन्सले अन्तराष्ट्रिय उडान भर्दै आएका छन् । कोभिड-१९ महामारीपछि मुलुकको अन्तराष्ट्रिय उडान विस्तारै लयमा फर्कदै गरेको प्राधिकरणले जनाएको छ । अहिले अन्तराष्ट्रियमा ७० प्रतिशत बढी अकुपेन्सी रहेको प्रवक्ता निरौलाले बताउनुभयो । कोभिडपूर्व ३० भन्दा बढी एयरलाइन्सले काठमाडौं विमानस्थल भएर उडान गर्दै आएका थिए ।रासस

# तातोपानी नाका बन्द भएपछि कृषि पेशामा

चौतारा । विसं २०७२ को भूकम्पअघि तातोपानी नाकामा व्यापार गरेर वार्षिक लाखौँ कमाउने भोटेकोसी गाउँपालिका-१ लिस्तीका अर्जुन सापकोटाले नाका बन्द भएपछि विकल्पको रूपमा कृषि पेशा रोज्नुभएको छ ।

सापकोटाले लिस्तीको सेमुङ र चतलीमा तीन सय ३० रोपनी जग्गा भाडामा लिएर कृषि पेशा सुरु गर्नुभएको हो । तातोपानी नाका बन्द भएपछि रु एक करोड ५० लाखको लगानीमा कृषि व्यावसाय सुरु गर्नुभएका सापकोटाले किवी, आलु, लसुनको खेती तथा उन्नत जातका बाख्रापालन गर्नुभएको छ ।

उहाँले गत वर्ष मात्र किवीबाट रु पाँच लाख आम्दानी गरेको बताउनुभयो । सापकोटाले यो वर्ष किवीको मात्रै तीन हजार सात सय बिरुवा लगाउनुभएको छ र १० जना जतिलाई रोजगारीसमेत दिनुभएको छ ।

सापकोटाले अबका 'केही समयमा नै कृषि व्यवसायबाट वार्षिक रु २५ लाख बराबरको आम्दानी गर्ने सोच रहेको बताउनुभयो । सापकोटाले आफूले मात्रै नभएर गाउँका एक सय घरपरिवारलाई पनि आधुनिक कृषि प्रणालीमा जोड्नुभएको छ ।

अहिले गाउँका एक सय घरपरिवार मिलेर पाँच सय रोपनी जग्गामा सामूहिक आलुखेती गरेका छन् । उक्त सामूहिक खेतीबाट यस वर्ष रु ५० लाखको आलु उत्पादन भएको छ । उनीहरूको यो उदाहरणबाट गाउँका अरु नागरिक पनि यस्तै पेशातर्फ आकर्षित भएका छन् ।

तातोपानीबाट सामान ल्याएर यहाँ र काठमाडौँमा नै व्यापार व्यवसाय गर्ने गरेका यहाँका कैयौँ स्थानीय सो नाका बन्द भएपछि यहाँ कृषि पेशा अपनाउन पनि थालेका छन् ।रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलवार पनि झिनो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक दुई दशमलब ३३ अङ्कले उकालो लागेर एक हजार नौ सय ९५ दशमलब ३४ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलब ४९ अङ्कले उकालो लागेर तीन सय ८८ दशमलब ९५ मा पुगेको छ ।

कूल दुई सय २० कम्पनीको २९ लाख १४ हजार पाँच सय पाँच कित्ता शेयर रु एक अर्ब एक करोड ९५ लाख १६ हजार छ सय ९६ मूल्यमा खरिद बिक्री भए । मङ्गलबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ६० अर्ब ११ करोड आठ लाख बराबर रहेको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये आज छ उपसमूहको शेयर मूल्य ओरालो लागेको छ भने सात उपसमूहको शेयर मूल्य उकालो लागेको छ । बैंकिङ शून्य दशमलब ७६, होटल तथा पर्यटन चार दशमलब ८१, जलविद्युत् १८, वित्त १० दशमलब नौ, निर्जीवन बीमा छ दशमलब ३७ र जीवन बीमा दुई दशमलब ३६ अङ्कले ओरालो लागेको छ ।

यस्तै, व्यापार एक दशमलब ५७, विकास बैंक छ दशमलब २३, उत्पादन ११ दशमलब ७३, अन्य ३३ दशमलब ८२, लघुवित्त चार दशमलब २७, सामूहिक लगानी कोष शून्य दशमलब शून्य दुई र लगानी शून्य दशमलब १९ अङ्कले उकालो लागेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ५७ लाख ७२ हजार पाँच सय ७५ बराबरको कारोबार भयो । यस्तै, लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल रु छ करोड ३९ लाख एक हजार तीन सय १०, नबिल बैंक रु चार करोड ४९ लाख ९२ हजार पाँच सय ५५, रिडी हाइड्रोपावर रु दुई करोड ९९ लाख छ हजार छ सय १० र हिमाल दोलखा हाइड्रोपावर रु दुई करोड १२ लाख ६० हजार आठ सय ५१ बराबरको कारोबार भई शीर्ष पाँच स्थानमा रहेका छन् ।

नेप्सेका अनुसार, अप्पर हेवाखोला हाइड्रापावर आठ दशमलब ४५, नबिल ब्यालेन्स फण्ड दोस्रो पाँच दशमलब ३२, ग्लोबल आइएमई समुन्नतत स्किम एक तीन दशमलब ३४ इमर्जिङ नेपाल तीन दशमलब ३४ र लक्ष्मी उन्नती कोषका लगानीकर्ताले तीन दशमलब ३४ प्रतिशतले कमाएका छन् । त्यस्तै, विन नेपाल लघुवित्त चार दशमलब ७७, एनआइसी एशिया ग्रोथ फण्ड चार दशमलब शून्य तीन, मल्टीप्रपोज फाइनान्स कम्पनी तीन दशमलब ४३, आरबीबी म्युचुअल फण्ड एक तीन दशमलब ४३ र समता घरेलु लघुबित्तका लगानीकर्ताले तीन दशमलब २५ प्रतिशतले गुमाएका छन् ।रासस

## भृकुटीमण्डपमा फर्निचर मेला हुने

काठमाण्डु । यही भदौ २३ देखि २७ गतेसम्म काठमाडौँको भृकुटीमण्डपमा फर्निचर तथा फर्निसिङ मेला सञ्चालन हुनेभएको छ ।

फर्निचर तथा फर्निसिङ सङ्घले आयोजना गर्न लागेको सो मेलामा भारत, बङ्गलादेश, पाकिस्तानलगायत मुलुकका फर्निचर उत्पादक कम्पनीको सहभागिता रहनेछ । जेन्सा कार्पेट, हलेसी डेकोर, भिवोन चेयर र युनाइटेड फर्म एण्ड म्योट्र्सले प्रदर्शनीको आयोजना गरेका हुन् । किचन, बेडरूम, बाथरूमका साथै आउटडोर, इण्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायत सामग्री मेलामा रहने सङ्घका अध्यक्ष शुभेन्द्र जोशीले जानकारी दिनुभयो ।

सङ्घका अध्यक्ष जोशीका अनुसार नेपालमा रु ६० अर्ब बराबरको फर्निचरजन्य सामाग्रीको वार्षिक कारोबार हुने गरेकामा त्यस्को झन्डै ५० प्रतिशत हिस्सा आयातित फर्निचर रहेको छ । प्रदर्शनीको व्यवस्थापन इभेण्ट सोलुसन प्रालिले गरेको छ । प्रदर्शनी अवलोकनका लागि रु १०० शुल्क निर्धारण गरिएको छ ।रासस

# हिरो चढी दंग योजना

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको लागि हिरो मोटर साइकलको आधिकारिक बिक्रेतानेपालजेनरल मार्केटिङ्ग प्रा.ली.ले नेपालीहरुको महान चाड बडा दशै २०७९ को उपलक्ष्यमा 'आहा दशै चाडपर्वको उमङ्ग HERO चढी दंङ्ग भन्ने नयाँ योजना ल्याएको छ ।




यस योजना अर्न्तगत हिरो मोटर साइकल तथा स्कुटर किन्ने ग्राहकले ७ हजार ५ सय पक्का डिस्काउन्ट, स्क्रयाच कार्ड मार्फत १ लाख सम्म पाउन सक्ने र बम्पर लक्की ड्र मार्फत एक जनाले रु १ लाख नगद पाउने छन् ।

साथै सबै HERO MOTERCYCLE र SCOOTER मा 0% डाउन पेमेन्टमा उपलब्ध हुने सुविधा पनि रहेको छ ।

## भूमिसुधार तथा मालपोत कार्यलय धनुषाको

## ३५ दिने सार्वजनिक सूचना

यसमा जि.ध.ज.उ.म.न.पा. वडा नं. १४ मा बस्ने दशौ मुसहरको नाती गनपैत मुसहरको छोरा ठाकुर मुसहरको आफ्नो कालगतीले मृत्यु भै-हकखाने श्रीमती दशनी मुसहर्नीको पनि आफ्नो कालगतीले मृत्यु भै-हकखाने छोराको जाय जन्म नभई १ मात्र छोरी म निवेदिका पार्वती देवी को जाय जन्म भएकोले मेरो वुवाको मृत्यु पश्चात मेरो वुवा ठाकुर मुसहरको नाममा दर्ता कायम रहेको जि.ध. जनकपुरधाम वडा नं. १४ सिट नं. १२७५०२ कि.नं. ६१ को क्षे.फ. ०-१-३-२ जग्गाको हकभोग खाने सबभन्दा नजिक हकदार म १ मात्र छोरी भएकोले मेरो नाउँमा उकलौटी नामसारी गरी पाउँ भनी माग निवेदन र सोही व्यहोराको न.उ.म.न.पा. वडा नं. १४ को कार्यालयको च.न. ५१० मिति २०७८/६/१८ गतेको वडा मुचुल्का सहितको फोटो टाँस गरी आएको किटानी सिफारीस समेत भएको ।

यसमा जि.ध.ज.उ.म.न.पा. वडा नं. १४ बस्ने ठाकुर मुसहरको मृत्यु पश्चात हकखाने हकदार यि निवेदीका छोरी नाता पर्ने पार्वती देवी वाहेक अन्य कोही छोरा छोरी तथा हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यि निवेदीकाको नाउँमा जग्गा नामसारी हुन नहुने कुनै कारण भए तथा माग दावीको जग्ग जि.ध. ज.उ.म.न.पा वडा १४ बस्ने समशेखर प्रसाद यादवले यस कार्यालयको दृष्टिबन्धकी लेखत पारित गरी रोक्का राखेको भए पनी निजले यस कार्यालय मा आफैं उपस्थित भै निवेदन दिई नामसारी गर्नको लागि सहमती जनाई सही सनाखत समेत गर्नु भएको र ऐ.ऐ. बस्ने श्रीराम साहले सम्मानित धनुषा जिल्ला अदालतमा लेनदेन मुद्दा न. ०७८-CP१९३२।६८ तारेख पर्चा समेत पेशगरी सहमति बारे निवेदन दिई सही सनाखत समेत गरीदिनु भएको हुनाले अरु कोही कसैको कुनै प्रकारको लेनदेन वा हकपुग्ने सवुत प्रमाण भए यो सूचना प्रकाशित भएको ३५ पैतिस दिन भित्र आफु संग भएको सवुत प्रमाण लिई दावी उजुरी गर्न यस कार्यालयमा आउनुहोला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएपछि कानुन बमोजिम भै-जाने व्योहोरा यसै सूचनाद्धारा सबैमा सूचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | न.पा. | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल | कैफीयत ज.ध. |
|---|---|---|---|---|---|---|
| धनुषा | जनकपुर | १४ | १२७५०५ | ६१ | ०-१-३-२ | ठाकुर मुसहर |

## भुमि सुधार तथा मालपोत कार्यालय सर्लाहीको

## ३५ दिने सार्वजनिक सूचना

जि.स. साविक गा.वि.स. ईश्वरपुर वडा नं. ८ हाल ईश्वरपुर न.पा. वडा नं. ८ मा बस्ने प्रकाश दहालको नाउँमा दर्ता कायम रहेको जि.स. गा.वि.स. ईश्रपुर वडा नं. ९/घ कि.नं. २९४ को क्षेत्रफल ०-१२-१६ भएको जग्गाको मोही महलमा सुरुज चौधरी थारुको नाम रहेकोमा जग्गा नजोतेको मोही लगत कट्टा गरि पाँउ भन्ने निवेदनमा य कार्यालयबाट जारी भएको १५ दिने म्याद मिति २०७९/०३/३२ गतेमा तामेल भई हक दावी सम्बन्धी सूचना मिति २०७९/०५/१० गतेको आदेशानुसार यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण संहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम जग्गा नजोतेको मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**मधेश प्रदेश सरकार**

**भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**कृषि ज्ञान केन्द्र**

**रौतहट, गौर**

## प्रस्ताव आव्हान सम्बन्धी

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/१४**

कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका अनुदानित कार्यक्रममा सहभागी हुनका लागि ईच्छुक सेवाग्राहीबाट म्याद भित्र प्रस्ताव दर्ता गराउनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | सूचना नं. | कार्यक्रमको नाम | अधिकत्तम अनुदान (प्रतिशतमा) | लक्षित सेवाग्राही | आवेदन साथ पेश गर्न कागजातहरु | प्रस्ताव दिने अन्तिम अवधि |
|---|---|---|---|---|---|---|
| १. | १. | कृषि यन्त्र उपकरण प्रबर्द्धन सहयोग (स्वचालित/एट्याचमेन्टस/बिउ प्रशोधन सहित) | ५०-७५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• ३ विगहा जग्गाधनी पूर्जा<br>• टयाक्टर दर्ताको ब्लुबुक नवीकरण सहित<br>• नागरिकताको प्रतिलिपी<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदन र करचूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• अनुसूची र निवेदन | ३० दिन (२०७९।६।१२ गते भित्र) |
| २. | २. | सिचाई व्यवस्थापन प्रबर्द्धन सहयोग (स्यालो ट्यूववेल/सोलार/पम्पसेट/ मोटर आदी) | ८५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• २-४ विगहा जग्गाधनी पूर्जा<br>• जग्गाको नक्सा प्रमाणित सहित<br>• नागरिकताको प्रतिलिपी<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदनर कर चूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• अनुसूची र निवेदन | १५ दिन (२०७९।५।२८ गते भित्र) |
| ३. | ३. | व्यवसायिक कृषि उत्पतादन क्षेत्र सुदृसुढिकरणका लागि कृषि यन्त्र उपकरण सहयोग(स्वचालित/ एट्याचमेन्ट/बिउ प्रशोधन लगायत अन्य ) | ५०-७५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• ३ विगहा जग्गाधनी पूर्जा<br>• टयाक्टर दर्ताको ब्लुबुक नवीकरण सहित<br>• नागरिकताको प्रतिलिपी<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदन र कर चूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• अनुसूची र निवेदन | ३० दिन (२०७९।६।१२ गते भित्र) |
| ४. | ४. | व्यवसायिक कृषि उत्पतादन क्षेत्र सुदृसुढिकरणका लागि सिंचाई व्यवस्थापन सहयोग(स्यालो ट्यूववेल/पम्पसेट/मोटर/ सोलार/कुलो/पैनि लगायत अन्य) | ८५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• २-४ विगहा जग्गाधनी पूर्जा<br>• जग्गाको नक्सा प्रमाणित सहित<br>• नागरिकताको प्रतिलिपी<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदनर कर चूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• अनुसूची र निवेदन | १५ दिन (२०७९।५।२८ गते भित्र) |
| ५. | ५. | च्याउ बिउ वितरण (ठछप्रतिशत अनुदान) | ७५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• नागरिकताको प्रतिलिपी<br>• निवेदन | ३० दिन (२०७९।६।१२ गते भित्र) |
| ६. | ६. | प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | बढीमा १५ लाख सम्म | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• जग्गाधनी पूर्जा प्रतिलिपी<br>• फर्म दर्ताको प्रतिलिपी नविकरण सहित<br>• नागरिकताको प्रतिलिपी<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदन र कर चूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• प्रस्तावित योजना कार्यक्रम र बजेट<br>• जग्गाको नक्सा प्रमाणित सहित | ३० दिन (२०७९।६।१२ गते भित्र) |
| ७. | ७. | प्राङ्गारिक उत्पादन प्रबर्द्धन/एकिकृत जैविक फर्म प्रबर्द्धन कार्यक्रम | बढीमा २५ लाख सम्म | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमी | • रु. १० को टिकट<br>• जग्गाधनी पूर्जा प्रतिलिपी<br>• फर्म दर्ताको प्रतिलिपी नविकरण सहित<br>• नागरिकताको प्रतिलिपी<br>• स्थानीय निकाय/ वडा कार्यालय र सम्बन्धी निकायको कृषि शाखाको सिफारिस<br>• पान नं. र बैंक खाता नं. (चेक प्रतिलिपी)<br>• आ.व. २०७८/०७९ को आ.ले.प. प्रतिवेदन र कर चूक्ताको प्रमाणपत्र प्रतिलिपी<br>• प्रस्तावित योजना कार्यक्रम र बजेट<br>• जग्गाको नक्सा प्रमाणित सहित | ३० दिन (२०७९।६।१२ गते भित्र) |
| ८. | ८. | विषादी खुद्रा बिक्रेता तालिम | | इच्छुक नेपाली | • रु. १० को टिकट<br>• नागरिकताको प्रतिलिपी<br>• निवेदन<br>• शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी | ३० दिन (२०७९।६।१२ गते भित्र) |

**विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०५५-५२०००१/९८५५०२४००१ वा यस कार्यालयको वेवसाईट akcrautahat.p2.gov.np मा लगईन गर्नसकिनेछ ।**

# चाडपर्वमा यातायातलाई सहज बनाउन आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले चाडपर्वको समयमा यातायात क्षेत्रलाई सहज र व्यवस्थित गर्न सरकारलाई आग्रह गर्नुभएको छ।

सहमहामन्त्री यादवले मंगलबार गृहमन्त्री बालकृष्ण खाणलाई भेटेर ठूला चाडपर्व नजिकिएको बेलामा सार्वजनिक यातायामा सुरक्षित यात्रा र सहज यातायातको व्यवस्था गर्न ध्यानाकर्षण गराउनुभएको हो । कांग्रेसको निवर्तमान यातायात समन्वय विभागका प्रमुखसमेत रहनुभएका यादवले ट्रक व्यवसायी महासङ्घको विधानबारे पनि छलफल गर्नुभएको थियो। उहाँले यातायात क्षेत्रमा देखिएका वर्तमान विषयवस्तुलाई विधानमा समेटेर अगाडि बढ्ने बारेमा छलफल गर्नुभएको गृहमन्त्री खाणका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिनुभयो।

भेटमा गृहमन्त्री खाणले चाडपर्वको समयमा सहज यातायातको व्यवस्थापनबारे सरकार सजक रहेको बताउनुभएको थियो । उहाँले मुख्य चाडपर्व नजिकिएको वेलामा यातायात व्यवस्थित र सहज बनाउन अहिलेबाट नै पहल गरिरहेको स्पष्ट पार्नुभयो। भेटमा गृहसचिव टेकनारायण पाण्डेको समेत उपस्थिती थियो।

# मिथिला क्षेत्रमा चौरचन पर्व मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला क्षेत्रमा अत्यन्तै श्रद्धा र विधिपूर्वक चौरचन (चौरचण्ठ) पर्व मनाइएको छ।

भदौ शुक्लपक्ष चतुर्थीका दिन खासगरी मिथिला क्षेत्रमा मैथिल समुदायले बिशेष महत्वका साथ उक्त पर्व मनाउने गर्दछन् । यस वर्ष तिथि फरक भएपनि हरितालिका तीज र चौठचन पर्व मंगलवार एक्कै दिन परेको छ।

सो पर्वका दिन पूजामा सहभागी हुने परिवारका एक जना महिला सदस्य दिनभरी उपवास बसेर साँझपख गणेश र चन्द्रमाको विधिपूर्वक पूजा गर्ने परम्परा रहेको मैथिली अभियानी करुणा झाले जानकारी दिए।



यस पर्वमा सूर्यास्तपछि गाईको गोबरले आँगन लिपपोत गरी बनाइएको चतुष्कोण यज्ञस्थलमा द्विप प्रज्ज्वलन गर्दै उपवास बसेको ब्रतालुले फलफूल र मिष्टानको परिकारलाई प्रसादको रुपमा चन्द्रमालाई देखाएर पर्व समापन हुने परम्परा छ।

चन्द्रमाको पूजा हुने सो पर्वमा नयाँ माटोको भाँडामा जमाइएको दही, मिठाइ, नरिवल, केरा, अम्बा, पुरीलगायतका सामग्री प्रसादको रुपमा राखेर चन्द्रमालाई प्रजा गर्ने गरिन्छ। पूजा सकिएपछि पूजाका लागि आँगनमा बनाइएको चतुष्कोण यज्ञस्थलमै बसेर घरका पुरुष सदस्यहरू प्रसाद ग्रहण गर्ने परम्परा रहेको अभियानी झाको भनाइ छ।

तीज पर्व सम्पन्न भएसँगै शुरु हुने यस पर्वलाई मिथिलामा निकै आस्थाका रुपमा लिइन्छ । कृष्णजन्माष्टमीको १२ दिनपछि यो पर्व मनाइन्छ । छठपछिको दोस्रो ठूलो पर्वका रूपमा मनाउने यस पर्वलाई चौरचन, चौथीचान, चौरचण्ठ र चौथीचन्द्र भन्ने गरिन्छ । यस पर्वको माध्यमबाट मैथिल कला संस्कृतिको समेत उजागर हुन्छ। खासगरी आँगनमा पूजा हुने भएकाले चामलको पिठोको कलात्मक अरिपन बनाइ त्यसमाथि पूजाका सामग्री राखेर धार्मिक विधिपूर्वक पूजापाठ गरिन्छ।

चन्द्रमाको आराधना गरिने चौरचन पर्वमा दाल र चामलको पिठोबाट बनाइने पुरी, मिष्टान्न परिकार खाजा (पिरुकिया) र खीर, माटोको छ्याँचीमा जमाइएको दही, पाकेको केराको घारीसहित अन्य फलफूल र वस्त्र आभूषण चढाइने परम्परा रहेको मिथिला संस्कृतिका जानकारहरु बताउँछन् । उनीहरुका अनुसार चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व हो।

"चौरचन पर्वमा न त कुनै भेदभाव हुन्छ, न त कुनै तामझाम हुन्छ", उनीहरु भन्छन्-'यस पर्वमा स्थानीयस्तरमा उत्पादन हुने अधिकांश कृषिजन्य सामग्रीहरूको प्रयोग हुने गर्दछन् ।'

यस पर्वमा प्रयोग हुने माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दहीलगायतका सम्पूर्ण सामग्री आफ्नै घर आँगनबाट हुने गरेको छ । यो तिथिमा चन्द्रमालाई नाङ्गो आँखाले हेर्दा कलंक (अपयश) लाग्ने हुनाले पूजा गरी अर्थात खाद्यान्न, फलफूल, दही आदिको अर्घय दिएर चन्द्रमाको त्यो अपयशबाट बच्न सकिने धार्मिक मान्यता रहेको छ।

भगवान श्रीकृष्णलाई यसै दिन स्यमन्तक मणिको प्रसङ्गमा लागेको कलङक छुटेकोले यस पर्वको पौराणिक महत्व स्थापित भएको मिथिला संस्कृतिका जानकार पण्डित रामकुमार शास्त्रीले बताउछन्।

उनका अनुसार द्वापरयुगमा द्वारिकापुरीमा सत्रजित नामका व्यक्तिले भगवान सूर्यको आराधना गरी निकै उत्कृष्ट स्यमन्तक मणि प्राप्त गरेको कथा श्रीमद् भागवात पुराणमा उल्लेख छ। "विधिपूर्वक पूजा गरेपछि उक्त मणिबाट प्रतिदिन २० मन सुन प्राप्त गर्ने गरेको ती व्यक्ति छोटो समयमै धनाढ्य भएको थियो" उनी भन्छन्- " थोरै समयमा ती व्यक्ति धनाढ्य भएको खबर चारैतिर फैलिएको थियो।" एक दिन सत्रजित मणि गलामा धारण गरी ती व्यक्ति राजाको दरबारमा पुगेको र सो मणिको प्रभावका कारण राजाको दरबार चमक भएको कुरा श्रीमद्भागवत महापुराणमा उल्लेख रहेको उनको कथन छ।

यसक्रममा श्रीकृष्णले सो मणि राजालाई हस्तान्तरण गर्न आग्रह गरेपछि बहाना बनाइ घर फर्किएका ती व्यक्तिले राजाको डरले भाइ प्रसेनजितलाई मणि जिम्मा लगाइ सुरक्षा साथ जङ्गल पठाएको थियो । केही समयपछि उनका भाइ प्रसेनजितको कालगतिले प्रसेनजितको मृत्यु भएपछि उक्त मणि एउटा सिंहबाट जाम्बवान नाउँको बलशाली भालुले हात पारेको कुरा श्रीमद्भागवात महापुराणमा उल्लेख छ । प्रसेनजितको मृत्यु भएको र मणि हराएको खबर राजाले पाएपछि भगवान श्रीकृष्णमाथि शङ्का लागेको थियो।

आफूमाथि लागेको कलङ्क मेटाउन मणि खोज्दै जङ्गल गएका भगवान श्रीकृष्णले खोजी गर्दै भदौ शुक्ल चतुर्थीका दिन मणि लिएर उहाँ फर्किएको थियो ।श्रीकृष्णको कलङ्क मुक्ति भएको दिनलाई स्मरण गर्दै चौरचन पर्व मनाउँदै आएको पण्डित शास्त्रीको भनाइ छ।

# विद्यालयमा सोधखोज गर्दा युवा थुनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको एउटा विद्यालयको सम्बन्धमा सोधखोज गर्दा युवा थुनामा पुगेको छ। जनकनन्दनी गाउँपालिका ५ उध्दास्थित राष्ट्रिय प्राथमिक विद्यालयको बारेमा सोधखोज गर्दा सोही ठाउँका केशव मण्डल पाँच दिनदेखि थुनामा छन् । उनीमाथि विद्यालयकी शिक्षिका पुनम मण्डललाई दुर्व्यवहार गरेको आरोप छ।




इलका प्रहरी कार्यालय खजुरीका प्रहरी निरक्षक निरञ्जन घिमिरेले उनीमाथि अभद्र व्यवहार सम्बन्धि मुद्दा चलाइएको जानकारी दिए । शिक्षिका मण्डलले दिएको निवेदनमा ती युवाले विद्यालयमा आएर गाली गलौज गरी विद्यालयको वातावरणमा असर पुऱ्याएको उल्लेख गरिएको छ। तर स्थानीय सुनिल मण्डलले भने यस विषयमा राजनीतिक प्रतिशोध साधिएको बताए।

वडाध्यक्ष असोक मण्डललाई स्थानीय निर्वाचनमा सहयोग नगरेको कारण विद्यालयबारे सोधखोज गर्दा पक्राउ गरेको उनको भनाई छ। 'विद्यालयमा हो हल्ला गरेको अधारमा पक्राउ गर्ने हो भने त ती शिक्षिकाको बुबा राजकुमार मण्डल पनि पक्राउ पर्नुपर्ने हो,'उनले तर्क गर्दै भने,'किनभने विद्यालयमा शिक्षकसँग कुनै हो हल्ला भएन । शिक्षिकाको बुबासँग भनाभन भएको हो।'

पालिका अध्यक्ष दिपिन देव यादवले घटना भएको दुई दिनपछि थाह पाएको बताए। तर यस विषयमा आफूलाई धेरै कुरा थाह नभएको बताए । 'गाली गलौज गरेको भनेर सुनेको छु। तर यस विषयमा अरु कुरा मलाइ थाह छैन्,'उनले भने,'तर पक्राउ परेको मान्छेको पनि राम्रो पृष्ठभुमी छैन् ।' वडाध्यक्ष असोक मण्डल यस विषयमा कुरा गर्न मानेन्।

यस विषयमा अर्को पक्षले पनि विद्यालयका प्रधानध्यापकसहित चार जना विरुद्ध निवेदन दिने तयारी गरेका छन् । शिक्षिका पुनम मण्डल, उनको बुबा राजकुमार मण्डल, विद्यालयका प्रधानध्यापक दुर्गा मण्डल र शिक्षक मोहमद कलामविरुद्ध निवेदन दिने तयारी गरेका छन् । उनीहरुले विद्यालयको विद्यालयको सीसीटिभि फुटेज विद्यालय पक्षले डिलिट गरेको छ। रजिष्टर चोरी गरी र आर्थिक अनियमितता गरेको स्थानीयहरुले आरोप लगाएका छन्।

**भएको के थियो ?**

गएको शुक्रबार उध्दाका युवाहरु एक ठाउँमा भेला भए। सबैले विद्यालयको शिक्षकहरु समयमा नआएको र हप्तौं सम्म अनुपस्थित हुने गरेको बारे सचेत गराउनु पर्ने योजना बनाए। विद्यालय सुधारमा युवाहरु लाग्नु पर्ने उनीहरुको निष्कर्ष थियो। अनि विद्यालयतर्फ लागे। विद्यालयको भद्रगोल अवस्था देख्दा उनीहरु आक्रोशित बने । 'हामी त्यहाँ पुग्दा विद्यालयलको अवस्था भद्रगोल थियो । कुनै विद्यार्थी खेलिरहेको थियो भने कुनै एक अर्कासँग झगडा गरिरहेको थियो,'राजकिसोर मण्डलले भने,' उपस्थित भएको शिक्षक-शिक्षिकाहरु गफमा व्यस्त थियो।'

पक्राउ परेका केशवले कार्यालय सहयोगिलाई हाजरी रजिष्टर देखाउन अनुरोध गरे । कार्यालय सहयोगि र उनी हाजिरीको रजिष्टर पल्टायाइरहदा शिक्षक पुनम पुगिन् । 'किन हाजिरी रजिष्टर पल्टाएको ? स्कुलमा कसैको ददागिरी चल्दैनन्,'शिक्षिका पुनमको कुरा उद्दृत गर्दै राजकिसोर मण्डलले भने,'हामीले स्कुलको राम्रोको लागि आएका छौं भन्दा पनि उनले अपशब्द कुरा गर्न थालिन्।'

एकछिनमै शिक्षिका पुनमले आफ्नो बुबालाई फोन गरी बोलाइन् । र, उनको बुबा विद्यालयमा गाली गर्दै पुगे । त्यसपछि दुबै पक्षबीच केही समय गाली गलौज भएको उनले बताए । युवाहरुले केशवलाई सम्झाई बुझाई त्यहाँबाट लगे । राति प्रहरी आएपछि उनलाई पक्राउ गरी लग्यो। आज केशव पक्राउ परेको ६ दिन पुगिसकेको छ।

# एक लाख भन्दा बढीको अवैध औषधी बरामद



**टुडे समाचारदाता**

राजविराज । भन्सार छलेर भारतबाट अवैध रुपमा ल्याइएको एक लाख भन्दा बढीको औषधी सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट बरामद गरेको छ।

मंगलबार दिउँसो ३ बजेतिर भारतीय सीमा नजिक पर्ने बोदेशरसाइन नगरपालिका ८ सोनापुरबाट उक्त अवैध औषधी बरामद भएको हो।

सशस्त्र प्रहरीबल स्वर्णपट्टीका सशस्त्र प्रहरी नायब निरिक्षक जयराम मण्डलको कमान्डमा खटेको टोलीलाई देखाना साथ उक्त औषधी फ्यालेर तस्कर भारततर्फ भागेको सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिए।

बरामद औषधीको १ लाख ४ हजार ८ सय ४ रुँपैया मुल्याङ्कन गरिएको छ। भन्सार छलेर ल्याइएका उक्त औषधी विभिन्न कम्पनीको रहेको तथा नेपालमा विधिवत दर्ता समेत नरहेको बताइएको छ।

बरामद औषधी मंगलबार नै आवश्यक कारवाही प्रक्रियाका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ।

# सहकारी संस्थाको गोदाममा सिल, संस्थाका अध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

बारा । बारामा कालोबजारी गरी अनुदानको मल विक्री गर्ने एक सहकारी संस्थाको गोदाममा सिल गरिएको छ । जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बाराको संयुक्त टोलीले कालोबजारीगरीअनुदानकोमलविक्री गर्ने कलैया उपमहानगरपालिका-२३ भतौडा कोइरिया टोलस्थित कुश कृषि सहकारी संस्थाको गोदाममा सिल गरी संस्थाका अध्यक्ष अरुण कुश्वाहालाई नियन्त्रणमा लिएको छ।




किसानले दिएको उजुरीको आधारमा शिलबन्दी गर्नुका साथै सहकारीमा राखिएको ५० किलोका २०९ बोरा र खोलिएको तीन बोरा मलसमेत बरामद गरेको छ ।सहकारी संस्थाका अध्यक्ष कलैया उपमहानगरपालिका-२३ बस्ने अरुण कुशवाहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एसपी होविन्द्र बोगटीले जानकारी दिए।

२ हजार २५० रुपैयाँ पर्ने डीएपी मललाई सहकारीले २ हजार ८५० रुपैयाँमा बिक्री गरेको र बिलसमेत नदिएको उजुरी एक किसानले गरेका थिए । कृषि सामाग्री कम्पनीको कलैयास्थित कार्यालयबाट युरिया ७८० रुपैयाँ र डीएपी २ हजार २ सय ३० रुपैयाँमा बिक्री हुने गरेको छ । स्थानीय पालिकाले ढुवानी भाडा र प्रतिकिलो १ रुपैयाँ नाफा जोडेर तोकेको बिक्री मूल्यमा मात्रै डिलरले मल बिक्री गर्न पाउँछ।

कृषि सामाग्री कम्पनी लिमिटेडको कलैया स्थित कार्यालयका प्रमुख पुरुषोत्तम सिंहले भने सहकारीले पालिकाले तोकेको दरमा मात्रै अनुदानको रासायनिक मल बिक्री गर्न पाउने बताए ।कालाबजारी गर्ने कृषि सहकारी संस्थाका सञ्चालक पक्राउँ परेपछि थप २० जना किसानले उजुरी दिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

## भन्सार छलेर ल्याएका सामानसहित तीन भारतीय पक्राउ

**टुडे समाचारदाता**

राजविराज। भारतबाट भन्सार छलेर ल्याइएका बिजुली, किराना र कपडा लागयतका सामान मंगलबार प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालयको टोलीले सप्तरीको शम्भुनाथ नगरपालिका १२ र राजविराज नगरपालिका ५ सडक खण्डमा चेकजाचको क्रममा मोटरसाइकलबाट किराना बिजुली र कपडा लगायतका सरसामान बरामद गरेको हो।

डिएसपी माधवप्रसाद काफ्लेका अनुसार बरामद सामाग्रिको ३ लाख ७६ हजार ३० रुँपैया मुल्याङ्कन गरिएको छ। उक्त सामानसहित तीन जना भारतीय नागरिक समेत पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारत सिवहर जिल्ला श्यामपुर गाउँ भटहा पंचायत २ का ४२ वर्षिय दिनानाथ साह, २४ वर्षिय रन्जय साह र २३ वर्षिय सुजितकुमार साह छन्।

बरामद सामानसहित तीनै जनालाई आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# भेटेनरी अस्पतालका प्रमुखले गरे बजेट दुरूपयोग

**टुडे समाचारदाता**

रौतहट । जिल्ला भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रौतहटका प्रमुखले गएको आर्थिक बर्ष २०७८/०७९ को स्वीकृत कार्यक्रमको रकममा अनियमिता गरेका छन।




वार्षिक स्वीकृत कार्यक्रम पशु पंछी फर्म सुदृधिकरण , गोठ सुधार , भैसी बल्क कार्यक्रमको लागि आएको रकम मा कार्यालय प्रमुख , योजना प्रमुख र लेखपालले संयुक्त रुपमा काम अधुरो तथा पुरानोलाइ नया मानेर अनुगमनको आधारमा भुक्तानी गरी अनुचित लाभ लिएका हुन।

५० प्रतिशत अनुदानमा संचालन भएको सो कार्यक्रममा रकमको दुरूपयोग भएको हो। रौतहट जिल्लाको चन्द्रपुरमा बंगुर पालनको भुक्तानीमा नक्लि विल प्रयोग भएपनि कार्यालय प्रमुख डाक्टर राम पवित्र दासले योजना प्रमुख वीरेन्द्र पटेलको सिफारिशमा रकम निकासा गर्न लगाएको बुझिएको छ।

गौर नगरपालिका वड़ा नम्बर ८ मा २ लाख भन्दा कमको लागतमा जस्ताको बनाइएको गोठको ४ लाख अनुमान गरी २ लाख भुक्तानी गरिएको छ।

७० लाखको १ वटा भैसी व्लाक पा'केट कार्यक्रमको लागि २ वटा सस्था छनौट गरेर रकम निकासा गरिएको बुझिएको छ भने रौतहट जिल्लाको राजदेवी नगरपालिका ७ मा सञ्चालन रहेको लल्ला पशु फर्ममा पुरानै संरचनाको आधारमा ६ लाख मूल्याङ्कन गरी ३ लाख भुक्तानी दिइएको छ।

तीन लाखमा कर कट्टा गरी लल्ला पशु फर्म लाइ भुक्तानी गरिएको सहायक योजना प्रमुख मदन सिंह यादवले बताएका छन। लल्ला पशु फर्म का संचालकले कुखुरा , मत्सय , हास् पालनको अनुमति लिए पनि गत बर्ष लगाएको बासको पुरानो घेराबेरा लाइ नया निर्माण गरेको देखाएर रकम निकासा गराएका हुन।

भौतिक सुरक्षा पनि राम्रो देखिएका छन , हास् चरण गर्न राम्रो पोखरि समेत बनाइएको छैन तर पनि कार्यालयले भुक्तानी गरेको स्रोतको भनाइ रहेको छ । वर्षको अन्तमा आषाढ़ महीनामा योजनाहरुको धमाधम भुक्तानी गरेका कार्यालय प्रमुख दासले प्रदेश सरकारको बजेट दुरूपयोग गरी बदनाम गर्ने कार्य गरेकोले छानविन गरी कार्यवाही गर्नु पर्ने स्थानीय हरुको मांग रहेको छ।

विहान देखि बेलुका सम्म रक्सीको नशामा रहने गरेका प्रमुख दासले बैठक कोठा प्रतीक्षालय निर्माणमा पनि अनियमिता गरेको बुझिएकोले आषाढ़ महीनामा भुक्तानी गरिएको योजनाहरुको गहन रुपमा छानविन गरी कार्यवाही गर्नु पर्ने अवस्था रहेको छ। कार्यलय प्रमुख र योजना प्रमुख संग सम्पर्क हुन नसक्दा प्रतिक्रया समावेश गर्न सकिएको छैन।

# हरेक परिवर्तनको अगुवाई काँग्रेसले गऱ्यो

## प्राप्त उपलब्धीको रक्षा पनि काँग्रेसले नै गर्छ : नेता ढुंगाना

**टुडे समाचारदाता**

राजविराज । नेपाली काँग्रेसका केन्द्रिय अनुशासन विभागका प्रमुख एवं केन्द्रिय सदस्य आनन्द ढुंगानाले जनताको अधिकारका लागि हरेक आन्दोलन र परिवर्तनको अगुवाई नेपाली काँग्रेसले नै गर्दै आएको भन्दै प्राप्त उपलब्धीको रक्षा पनि काँग्रेसले नै गर्ने बताएका छन्।



मंगलबार सदरमुकाम राजविराजमा नेपाली काँग्रेस क्षेत्रिय समिति २ द्वारा "जनताको साथमा काँग्रेस" अभियान अन्तरगत आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै उनले यस्तो कुरा बताएका हुन्।

"काँग्रेसले लिएको नीति, काँग्रेस नेतृत्वमा विगतमा हासिल राजनीतिक र आर्थिक उपलब्धी तथा समसामयिक विषयमा काँग्रेसले लिएका अडान बारे जनतालाई सुसुचित गराउनु पर्छ, स्थानिय नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै उनले भने, प्राप्त उपलब्धीको रक्षा र मुलुकको समग्र विकास काँग्रेसले नै गर्न सक्छ भन्ने सन्देश गाउँ गाउँ पुऱ्याउन सबै एक ढिक्का भई लाग्नुहोस्।

क्षेत्रीय सभापति महानन्द यादवले पार्टी पंक्तिलाई सानातिना विवाद र मतभेद भुलेर एक्यबद्ध भई निर्वाचनमा गए ठूलो सफलता मिल्ने जिकिर गरे।

जिल्ला उपसभापति रामकुमार यादवले हालै सम्पनन स्थानिय तहको निर्वाचनमा पाँच पालिका जितेर नेपाली काँग्रेस जिल्लामै पहिलो पार्टी बनेको बताउँदै आगामी प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा अन्य दलसँग गठबन्धन भए सीट बाँडफाँडमा काँग्रेसले सम्मानजनक सीट पाउनु पर्ने माग राखे।

कार्यक्रममा महाधिवेशन प्रतिनिधि डा. अनिल झा, इर्साद अन्सारी, प्रदेशसभा सदस्य गिता यादव, जिल्ला सभापति रामदेव साह, काँग्रेस नगरसमितिका पूर्वसभापति शम्भुलाल देव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डल, क्षेत्रिय सचिव विष्णुदेव यादव लगायतले पनि बोल्दै आगामी निर्वाचनमा काँग्रेसका उम्मेदवारलाई कसरी बलियो बनाउने भन्ने विषयमा आ-आफ्नो धारणा राखेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८